Jana Aakash National Weekly

# जन आकाश


Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- १३, २०७६ साल मंसीर ३ गते मंगलबार (Nov, 19, 2019) www.janaakash.com.np मुल्य रु १०।-




# नेपाल र भारतबीच होला त युद्ध ?

- नेपालमाथि भारतले अतिक्रमण गरि राखेकै छ ।
- नेपालीहरु निद्राबाट अलिअलि मात्र बिउँझेका छन् ।
- पूरै नेपाली उठे भने भारत सधैंको लागि निदाउनेछ ।




भारतले जारी गरेको नयाँ नक्सामा नेपालको भूमिसमेत गाभेर प्रकाशन गरेको विषयले नेपालीहरु आफ्नो देश माथि भएको भारतीय अतिक्रमण रोक्न अलि अलि विउझिएका छन् र जति विउझिए तिनीहरु भारतविरुद्ध जतिबेला पनि लड्न तयार भएर बसेका छन् । यी विउझिएका नेपालीहरुको अनुहारमा हेर्दा लाग्छ नालापानी युद्धको झझल्को सम्झाउने खालको देखिन्छ ।

### सरकार के भन्छ ?

नेपालको सिमाना भन्दा निकै वरसम्मका भूभागहरु भारतले जानीजानी नेपाललाई हेपेर नक्सा प्रकाशित गरी प्रचार प्रसार गरि सक्दा समेत नेपालको परराष्ट्र मन्त्रालयले हस्ताक्षर बिनाको विज्ञप्ति मात्र निकाल्छ । यस्तो प्रकारको अपरिपक्व सरकारलाई विउझेर पनि निदाएको नाटक गर्ने सरकार भन्न सकिन्छ । त्यस्तो हुँदैनथ्यो त आधिकारिक विज्ञप्तिमा हस्ताक्षर हुनुपर्थ्यो त्यो छैन ।

### भारतमा प्रशिक्षित नेपालका नेता

नेपालको राजनीतिक इतिहास हेर्दा राणा शासनविरुद्ध १९९३ मा स्थापना भएको प्रजा परिषदले आवाज उठाएको भएता पनि पछि २००४ सालमा नेपाली काँग्रेस र २००६ सालमा नेपाल कम्युनिष्ट पार्टी भारतीय भूमिमा गठन भएको देखिन्छ । त्यसै दिनहरुबाट नेपालको राष्ट्रियता कमजोर हुँदै आएको मानिँदै आएको छ ।

ति नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी स्थापना गर्ने संस्थापकहरुको उद्देश्य नेपालमा प्रजातन्त्र स्थापना गर्ने भएता पनि ती पार्टीहरुमा पछिल्लो समय भारतीय इशारामा चल्ने र भारतकै कुरा मान्नेहरुको वर्चश्व बनाउँदै नेपालको राजनीतमा अस्थिरता बनाउँदै नेपालीलाई राष्ट्रियताको भावनालाई कमजोर बनाउन विभिन्न समयमा विभिन्न पात्रहरुको प्रयोग गरी जो भारतमा बसेर भारतीय योजना नेपालमा लागु गर्न मान्छन् तिनैलाई प्रशिक्षित गराएर पठाइएकाहरु नै नेपालको राजनीतमा सधैं शक्तिमा आजसम्म आइपुग्दा धेरै संख्यामा तिनीहरुकै बाहुल्यता छ । त्यसैको परिणाम नेपालीहरुले आफ्नो भूमि गुमाउँदै छ । किनकी विगतमा नै भारतीय डिजाइनमा भारतमा नै प्रशिक्षित गरेर पठाइएकाहरुले नेपालको हितमा काम गर्ने आत्मबल राख्दैन । कहिलेकाहिँ देखावती नक्कली अलाप रच्न भने सक्छन् । त्यस्तो नेपाललमा बेलाबेलामा हुने पनि गरेको छ ।

### प्रधानमन्त्री कार्यालयमा भएको सर्वदलीय बैठकले दिएको सन्देश

अरु बेला जेजस्ता विवादहरु भएपनि नेपालको भूमि भारतीय नक्सामा पारिएको नेपालको भूमि विशेष गरेर कालापानी र लिपुलेक नेपालको भएको र भारतीय नयाँ नक्सामा नेपालको भूमि अतिक्रमण भएको अतिक्रमित भूमि फिर्ता गराउन सबै राजनीतिक


बाँकी ८ पृष्ठमा

## क्यान्सर अस्पतालमा स्वास्थ्य सेवा विस्तार

# बिरामीलाई निजी अस्पताल धाउन नपर्ने

मोहन पोखरेल/सुरेश कुमार अधिकारी

चिवतन । वि.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालमा विस्तारित स्वास्थ्य सेवा शुरु गरिएको छ । सरकारी स्वामित्वमा रहेको यस अस्पतालमा यस अघि क्यान्सरका बिरामीले शुलभ स्वास्थ्य सेवा पाउन सकेका थिएनन् । बिरामीलाई यहाँका डाक्टरहरुले आफ्ना निजी अस्पतालमा रिफर गरी चर्को स्वास्थ्य शुल्क असुलेर सरकारी स्वास्थ्य सेवामा बाधा पुऱ्याउँदै आएका थिए । सरकारी समन्वयमा अस्पताल प्रशासनले ढिलै भएपनि



स्वास्थ्य सेवालाई विस्तार गर्ने कार्यलाई निरन्तरता दिन लागेकोले बिरामीले राहत पाउने भएका हुन् । अस्पताल प्रशासनको बिरामी मैत्री यस कदमलाई प्रशंसनीय मानिएको छ । मंसीर १ गते आइतबारबाट शुरु गरिएको क्यान्सर अस्पतालको विस्तारित स्वास्थ्य सेवा निरन्तर चलिरहने र बिरामीलाई अतिरिक्त शुल्क बुझाएर भएपनि स्वास्थ्य लाभ लिने बाँकी ८ पृष्ठमा

# उपनिर्वाचनमा मालेको दरो प्रतिस्पर्धा



चुनाव चिन्ह

काठमाडौं । यही मंसीर १४ गते देशभरी रिक्त रहेका पदहरुको लागि निर्वाचन आयोगले उपनिर्वाचन गर्दैछ । त्यस निर्वाचनमा नेपालको ऐतिहासिक झापा विद्रोहका नेतृत्व गर्नुभएका सिपी मैनालीले नेतृत्व गरिरहेको नेकपा (माले) पार्टीले प्रदेश सभासदहरुको पदमा दरो प्रतिस्पर्धा गर्नेगरी उम्मेदवारहरु प्रतिस्पर्धामा उतारेको छ । भक्तपुर जिल्लाको क्षेत्र नं. १ को प्रदेश क मा सुदर्शन लामिछाने, दाङ जिल्लाको क्षेत्र नं. ३ को प्रदेश ख मा हरिप्रसाद डाँगी, कास्की जिल्लाको क्षेत्र नं. २ को प्रतिनिधिसभा सदस्यमा टेकनाथ भण्डारी, सुनसरी जिल्लाको उपमहानगरपालिकाको मेयरमा एकराज सुब्बालाई प्रतिस्पर्धाको लागि मैदानमा उतारी सकेको नेकपा (माले) पार्टी कार्यालयले जनाएको छ ।

नेकपा मालेले वडा अध्यक्षहरुमा र बाँकी रहेका उपाध्यक्ष पदहरुमा उम्मेदवार उठाएको छैन । विगतमा सबै क्षेत्रमा छरिएर चुनावमा भाग लिंदा जनशक्ति र प्रचार प्रसारको कमी हुँदा पार्टीले धेरै नराम्रोसँग हार व्यहोर्नु परेको घटनालाई मध्यनजर गरेर खासखास क्षेत्रमा केन्द्रीत हुनेगरी उम्मेदवार चयन गरेको नेकपा माले पार्टीको केन्द्रीय सल्लाहकार चन्द्र उप्रेतीले बताउनु भएको हो । यतिबेला नेकपा मालेका केन्द्रीय कमिटी भन्दा माथिका सबै नेताहरु विभिन्न चुनावी क्षेत्रमा आफ्नो पार्टीका उम्मेदवारलाई जिताउनका लागि हँसिया तारा चिन्हमा मतदान गरौं भन्दै घरदैलो कार्यक्रममा र हेको पार्टी कार्यालयमा रहेका चन्द्र उप्रेतीले जानकारी दिएका हुन् ।



टेकनाथ भण्डारी (प्रतिनिधि सभा सदस्य उम्मेदवार (कास्की–२)



सुदर्शन लामिछाने (प्रदेश सभासद् उम्मेदवार (भक्तपुर क्षेत्र नं. १ क)




हरिप्रसाद डाँगी (प्रदेश सभासद् उम्मेदवार (दाङ क्षेत्र नं. २ ख)



एकराज सुब्बा उम्मेदवार (धरान उप.म.न.पा. सुनसरी)

# बढी आयकर बुझाउने नेपाल लाइफ इन्स्योरेन्स सम्मानित

काठमाडौं । आर्थिक वर्ष २०७५/७६ मा नेपालमा बीमा व्यवसाय गर्ने कम्पनीमध्येमै सबैभन्दा बढी आयकर दाखिला गरेकाले आन्तरिक राजस्व विभागले नेपाल लाइफ इन्स्योरेन्स कम्पनीलाई कदरस्वरुप सम्मान गरेको हो ।

आठौं राष्ट्रिय कर दिवस २०७६ को अवसरमा मंसिर १ गते काठमाडौंमा आयोजित एक समारोहका बीच प्रमुख अतिथि तथा अर्थमन्त्री डा. युवराज खतिवडाले नेपाल लाइफ इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत विवेक झालाई सम्मानपत्र प्रदान गर्नुभएको हो ।




सो अवसरमा नेपाल लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत झाले नेपालको बीमा व्यवसायमा सबैभन्दा अगाडि बढ्दै सबैभन्दा बढी राजस्व दाखिला गरी सम्मानित हुने अवसर पाएकोमा अत्यन्तै खुशी तथा गौरव महसुस भएको साथै यस अवसर प्रदान गर्नुहुने आन्तिरिक राजस्व विभागप्रति कृतज्ञता व्यक्त गर्नुभयो । प्रमुख कार्यकारी अधिकृत झाले भन्नुभयो, 'यो सम्मानले कम्पनीलाई अझ जिम्मेवार बनाएको तथा नेपालको बीमा व्यवसाय अझ परिस्कृत गर्दै सबै जनताका सामु पुगी सेवा प्रदान गर्दै अगाडि बढ्न र

बाँकी ८ पृष्ठमा

# धरानमा भिमबहादुर लिम्बुले दिए उम्मेदवारी

काठमाडौं । २०७४ सालको प्रतिनिधिसभा र प्रदेश सभा चलिरहँदा राप्रपा लोकतान्त्रिक पार्टी गर्भभित्र नै थियो होला तर २०७२ को संविधानले व्यवस्था गरेको नियमलाई पालना गर्दै २०७५ मा मात्र राप्रपा लोकतान्त्रिक पार्टीको स्थापना गरेको राप्रपा लोकतान्त्रिक पार्टीले सुनसरी जिल्लाको उपमहानगरपालिकामा भीम बहादुर लिम्बुलाई उम्मेदवार बनाएको छ ।



राप्रपा लोकतान्त्रिकका मेयरका उम्मेदवार भिमबहादुर लिम्बु

धरानमा यतिबेला चुनावी सरगर्मी अत्यन्तै बढेको छ । १२ वटा पार्टीबाट उम्मेदवारी परेको जानकारी प्राप्त भएको छ भने स्वतन्त्रबाट उम्मेवदारी दिनेको संख्या ११ पुगेको छ । कुल उम्मेदवार संख्या २३ रहेको सुनसरीबाट हाम्रा संवाददाता आशाराम मुडभरीले जानकारी गराएका छन् ।

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# उनिर्वाचनलाई मर्यादित बनाऔं

नेपालमा निर्वाचनहरु खर्चिलो र भड्किलो हुँदै गएका छन् । जसले गर्दा समाजमा योगदान पुऱ्याएका व्यक्ति भन्दा समाजमा उदण्ड मच्याएर बलजफ्ती समाजलाई तर्साएर पैसा कमाएकाहरुले मात्र चुनाव जित्ने प्रचलन पछिल्लो २०७४ को स्थानीय, प्रदेश र प्रतिनिधिसभाले त्यही देखाएको छ ।

त्यो समस्या कुनै एउटा पार्टीमा मात्र नभएर अधिकाँश पार्टीहरुमा त्यस्तो प्रबृत्ति देखियो र जुन पार्टीबाट जनप्रतिनिधि आए पनि समाजलाई, राष्ट्रलाई योगदान गर्न सक्ने व्यक्तिहरु नेतृत्वदायी भूमिकामा आउन सकेनन् । त्यसैको असर अहिले देशले भोगिरहेको छ । नेपाल संघीय प्रणालीमा गइसकेपछि स्थानीय सरकार, प्रादेशिक सरकार, संघीय सरकारमा अधिकार बाँडफाँड गरेर कार्य प्रणाली सुचारु भइरहेको छ । त्यस अधिकारको समुचित सदुपयोग गर्नुको साटो स्थानीय सरकार प्रमुखहरुले गर्ने गरेको भ्रष्टाचार, मनोमानी ढंगबाट गर्ने गरेको काम र स्थानीय प्रदेशमा स्थायी कर्मचारी र जनप्रतिनिधिहरुवीचको फाटो टकराव र २-२ महिना प्रशासकीय अधिकृत सरुवा भइरहनु पर्ने समस्या देखिएका छन् । त्यो समस्या निर्वाचनका बेला पढेलेखेका, समाज बुझेका योग्य दक्ष नभएका व्यक्तिहरुलाई पार्टीले चुनावमा पैसा खर्च गर्न सक्ने आधारमा उम्मेदवार बनाएर पठाए तिनले गर्ने गरेको क्रियाकलाप क्षमता पनि त्यही स्तरको मात्र रहेको हुनाले कानून के हो समाज के हो, विकास कसरी गरिन्छ । राष्ट्रिय अन्तर्राष्ट्रिय अभ्यासहरु के छन्, त्यस्तो अध्ययन आँशिक स्थानीय सरकारले गरे पनि अधिकाँश स्थानीय सरकारले अध्ययन गरेको पाइँदैन र जनतामा यतिबेला निराशाको बादल मडारिन थालेको छ ।

हुँदाहुँदा जनप्रतिनिधि त देशका जिम्मेवार, जवाफदेही, कर्तव्यपरायण हुनुपर्ने ठाउँमा कुनै जनप्रतिनिधि जुवा खालबाट पक्राउ पर्छन्, कुनै भ्रष्टचार मुद्दा लागेर अनुसन्धानको क्रममा छन् । कुनै जनप्रतिनिधिले नक्कली कागज बनाएर नागरिकता बाँडेको समाचार पढ्नुपर्छ । यी सबै घटना विगतमा पार्टीहरुले उम्मेदवार छान्दा गरेको गल्तीका परिणामहरु हुन् । त्यसैले त्यो गल्तीबाट सिकेर उपनिर्वाचनमा अलि सक्षम, योग्य दक्ष समाजप्रति जवाफदेही व्यक्तिहरुलाई उम्मेदवार बनाउनु पर्थ्यो । पार्टीहरुले विगतमा भन्दा केही सुधार गरेको भएपनि कतैकतै त्यस्तै प्रबृत्तिमा अनुहारहरु देखिएका छन् । त्यसमा जनता र निर्वाचन आयोगको सक्रियतामा निर्वाचित भड्किलो हुन नदिने र स्थानीय जनताले पनि क्षणिकको स्वार्थलाई हेरेर होइन नेपाल विकासको भविष्य सम्म देख्न सक्ने नेतृत्व छानेर उपनिर्वाचनलाई सभ्य र मर्यादित बनाउनु पर्छ । तव मात्र नेपालीहरुले चाहेको स्वाभिमानी देश बनाउन सकिन्छ ।

# न्याय नमरेको त्यो फैसला

**मोहन पोखरेल**

**साँच्चै भन्ने हो भने काँग्रेसका लागि राजा विनाको गणतन्त्र भन्दा बहुलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र सहितको शासन व्यवस्था बढी फलदायी हुने थियो । विपी कोइरालाले यही बटमलाइन समात्नु भएको थियो, जो कम्युनिष्टहरुका लागि पनि बढी हितकारी हुन्थ्यो ।**



रौतहट जिल्ला अदालतका न्यायाधिश दिपक ढकालले एउटा साहसिक न्यायिक फैसला गरे । अन्यायका पछाडि न्याय मर्दो रहेनछ भन्ने दृष्टान्त यस फैसलाले दिएको छ । काठमाडौंबाट रौतहट झरेका ३४।३५ जनाको वकिलको जमातले मोहम्मद अफताव आलमको पक्षमा जति नै बहस पैरवी गरे पनि माननीय न्यायधिशको आत्माले आलमको कालो कर्तुतलाई स्वीकार गरेन । पीडितहरुका पक्षमा साहसिक फैसला गर्दै जिल्ला छाडेर न्याय परिषद्को शरणमा पुगे । काठमाडौं पुगेका माननीय न्यायाधीश दिपक ढकाल र जिल्ला स्थित न्यायाधिवक्ताले आफूहरुलाई आलम पक्षबाट ज्यानको खतरा भएको भन्दै अन्यत्र सरुवा गर्न न्याय परिषद्मा हार गुहार गरेको घटनाले के कुरा प्रष्ट्याउँछ भने साहसिक न्यायाधीश तथा न्यायाधिवक्ताले आफूहरुको ज्यानको बाजी राख्दै न्याय मर्न दिएनन् ।

मोहम्मद अफताव आलम रौतहट जेलमा बस्न चाहन्थे । तर उनलाई रौतहट जेलमा राख्दा सिमा पारीबाट आलम पक्षका गुण्डाहरुबाट पीडित तथा बादी पक्षका वकिलहरुलाई ज्यानको खतरा महशुस गर्दै सरकारले आलमलाई नख्खु कारागार पठाएको छ । उनलाई पुर्पक्षका लागि थुनामा राखिएको छ । बाढी पक्षका वकिलहरुले आलमलाई अंश सर्वश्व सहित आजिवन जेल सजाय हुनुपर्ने माग दावी गरेका छन् । आलमको पक्षमा बहस गर्ने वकिलहरुले पर्याप्त प्रमाण पेश गर्न नसकेको ठहर गर्दै अदालतले उनलाई पुर्पक्षमा पठाएको हो । यस घटनाले के पुष्टि गरेको छ भने आलमसँग आफू चोखिने प्रमाण अव छैन र उनले गरेका हत्या तथा जघन्य अपराधको मूल्य चुकाउनै पर्नेछ । यस फैसलासँग आलमको राजनीतिक क्यारियर समाप्त भएको छ साथै उनको श्री सम्पत्ति समेत दाउमा रहेको छ ।

अफताव आलम नेपाली काँग्रेसका नेता (?) रही आएका व्यक्ति हुन् । उनी रौतहट काँग्रेसको सभापति हुँदै संविधानसभाको पहिलो चुनावमा काँग्रेसबाट निर्वाचित सभासद पनि थिए । पछि मन्त्री समेत पनि हुन् भ्याए । आफ्ना काका शेख इद्रीससँगको राजनीतिक सम्पर्क पछि उनी काँग्रेसमा लागेका हुन् । उनकै गाउँ राजपुर फरदह्यामा पहिलो संविधानसभाको चुनावका बेला विपक्षी तर्साउने नियतले बम बिष्फोट गराउने प्रयोजन अनुसार अकस्मात शेख इदिसको गोठमा असावधानीवस बम बिष्फोट भएकाले धेरै व्यक्ति घाइते हुन गए । केहीको मृत्यु समेत भयो । घाइते जति सबैलाई र मृत्यु भएका समेतलाई गरी नजिकैको इट्टा भट्टाको आगोको भुँग्रोमा हालेर प्रमाण मेटाउने दुष्प्रयास आलम तथा उनी पक्षीय जमातले गऱ्यो । प्रशासन मुकदर्शक बन्यो । पीडितका पक्षबाट जाहेर लिन प्रशासनले इन्कार गऱ्यो । महान्यायाधिवक्ताले समेत मुद्धा अगाडि बढाउन मन्जुर गरेनन् । यसरी प्रशासन र न्यायधिवक्ता समेतलाई आलमले कब्जामा लिए । राज्य निरीह बन्यो । पछि मुद्धा सर्वोच्चमा पुग्यो । सर्वोच्चले पीडितका पक्षमा फैसला गरे पनि आलमलाई राज्यले पक्राउ गरेन । प्रहरी र प्रशासन विरुद्ध अदालतको मानहानी भएको मुद्धा परेपछि प्रहरीले आलमलाई पक्राउ गर्न बाध्य भयो ।

नेपाली काँग्रेसका नेता विपी कोइरालाले भन्ने गर्नुहुन्थ्यो -नेपाली काँग्रेस कहिल्यै पनि कम्युनिष्टको बुई चढेर हिँड्नु हुन्न, यिनीहरुबाट कुनै बेला ठुलो धोखा हुन सक्छ । काँग्रेस आफ्ना जिवन्तकालसमम संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रप्रति आस्थावान रहिरहन्छ । तर विपीको मार्ग निर्देशनमा पछिल्लो पटक काँग्रेस हिँड्न, विचलित भयो । संविधानसभाका बेला गणतन्त्रलाई अँगाल्दै राजतन्त्र समाप्त गर्न स्वयम् गिरिजाप्रसाद कोइराला अग्रसर भए, साथै प्रचण्डपथ अँगाल्न राजी भए । हो यिनै र यस्तै यस्तै कारणबाट काँग्रेस माथि बज्रपातका दिन शुरु हुँदै गए । आखिर यस्तै गणतन्त्ररुपी संविधानसभाका सभासद नियतले आलमले बमकाण्ड जस्तै घातक बाटो रोज्न पुगे र १२ वर्षपछि घानमा परे ।

आलम मात्रै नभएर अरु कतिपय काँग्रेस नेता पनि यसतै जोखिमको संघारमा छन् । भ्रष्टाचार र गुण्डागर्दीका साथै बलात्कारका घटना त साधारणजस्तो भएका छन् । काँग्रेसका नेता मात्रै नभएर कम्युनिष्टका नेता समेत यस्तै काण्डमा मुछिएका छन् । बलात्कारका घटनामा माओवादीका नेता तथा सभामुख कृष्णबहादुर महरा फन्दामा परिसकेका छन् । अव अरु कति नेता कार्वाहीको फन्दामा पर्ने हुन् चासोको विषय बनेको छ ।

साँच्चै भन्ने हो भने काँग्रेसका लागि राजा विनाको गणतन्त्र भन्दा बहुलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र सहितको शासन व्यवस्था बढी फलदायी हुने थियो । विपी कोइरालाले यही बटमलाइन समात्नु भएको थियो, जो कम्युनिष्टहरुका लागि पनि बढी हितकारी हुन्थ्यो ।

जेहोस् लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने काम सबै राजनीतिक दलहरुबाट हुने र भ्रष्टाचार, बलात्कारका साथै ज्यान मार्ने जस्ता जघन्य अपराधलाई निरुत्साहित गर्दै जनताका सेवामा समर्पित बन्न दलका नेताहरुले सिक्नु पर्दछ । अलोकप्रिय व्यक्ति काँग्रेस र कम्युनिष्टले नजन्माउन् यसैमा सबैको कल्याण छ । लोकतान्त्रिक गणतन्त्रको भविष्य पनि यसैमा सुनिश्चित छ ।

# सीमा विवादको समाधान सडकमा होइन

**– रामसुकुल मण्डल**

भारतले नेपालको झण्डै ३ सय ७२ वर्ग किलोमिटरभन्दा धेरै जमिन आफ्नो भन्दै नयाँ राजनीतिक नक्सा सार्वजनिक गरे पछि त्यसको तरंगबाट काठमाडौं कम्पित भएको छ । दार्चुला जिल्लाको लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रलाई भारतले सार्वजनिक गरेको राजनीतिक नक्सामा समेटेको छ । यसअघि पनि यो क्षेत्र आफ्नो भन्दै भारतले दाबी गर्दै आएको थियो ।

जम्मू-कश्मीर औपचारिक रूपमा दुईवटा केन्द्रशासित राज्यमा विभाजित भएसँगै नरेन्द्र मोदी नेतृत्वको सरकारले भारतको नयाँ नक्सा सार्वजनिक गर्ने क्रममा नेपालको लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रलाई आफ्नो नक्सामा समावेश गरेको हो । भारत सरकारले ३१ अक्टोबरदेखि अस्तित्वमा आएका दुई भिन्ना भिन्नै केन्द्रशासित प्रदेश (युनियन टेरिटरी) जम्मू-कश्मीर र लद्दाखसहितको देशको औपचारिक राजनीतिक नक्सा सार्वजनिक गर्दा नेपालको भूभाग पनि आफ्नो सीमाभित्र मिसाएको भन्ने दाबी नेपालमा छ ।

भारतले सार्वजनिक गरेको नक्सामा नेपालको भूभागसमेत हालेपछि नेपाल भारत सीमा विवाद फेरि एक पटक सतहमा आएको छ । अहिले भारतले आफ्नो नक्सामा राखेको लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रलाई नेपालले सार्वजनिक गरेको नक्सामा पनि राखेको छ । नापी विभागले तयार पारेको नक्सामा अहिले भारतले राखेको क्षेत्रलाई पनि समेटेको थियो ।

नेपालको भूभाग आफ्नो भन्दै भारतले नयाँ नक्सामा समेटेपछि भने नेपाली पक्षले विरोध जनाएको छ । नेपालका विभिन्न राजनीति दल, नेताहरूले भारतको विरोध गर्दै 'गो ब्याक इण्डिया'को नारा पनि लगाएको । यस विषयमा नेपालको परराष्ट्र मन्त्रालयले विज्ञप्ती जारी गरी कालापानी नेपालमै रहेको स्पष्टीकरण दिएको छ । भारतले सार्वजनिक गरेको नयाँ नक्साअनुसार नेपालको केही भू-भाग भारतमा परेको सन्दर्भमा जसरी नेपालमा अहिले व्यापक विरोध भइरहेको छ यसबाट दुई देशको सम्बन्धमा असर पर्न सक्छ । नेपालमा भारतको विरोध गरेर राष्ट्रवादी बन्ने चलन धेरै पुरानो हो ।

भारतीय नक्साको विरोध जसरी नेपालमा अहिले भइरहेको छ, त्यो संकीर्ण राष्ट्रवादको नमूना मात्र हो । किनभने भारतले नेपालको भूमि मिचेको जसरी दाबी गरिएको उता अर्को छिमेकी चीनले नेपालको भूमि मिचेको विषयमा ती दलहरू मौन छन् । आखिर ती दलहरूभित्र किन भारत विरोधी मानसिकता छ त ? प्रमाण अनुसार चीनले नेपालको उत्तरी सिमानामा ११ ठाउँमा सीमा मिचेको छ । चीनले नेपालका विभिन्न ४ जिल्लाकाका सीमाना मिचेको हो । चीनले हुम्ला, रसुवा, सिन्धुपाल्चोक र संखुवासभामा नेपालको भूमि मिचेको पाएको छ । तर यस विषयमा राष्ट्रवादको नारा दिने दलहरू मौन रहन्छन ।

चीनले हुम्ला, रसुवा, सिन्धुपाल्चोक, संखुवासभाका विभिन्न स्थानहरूमा सीमा मिचेको कृषि मन्त्रालयको नापी शाखाले जनाएको छ । चीनले हुम्लाको भाँगदारे खोलामा ६ हेक्टर, कर्णालमा चार हेक्टर, रसुवाको सन्जेन खोलामा दुई हेक्टर, भुर्जुंग खोलामा एक हेक्टर, लेम्दे खोलामा एक हेक्टर, जबमु खोला ३ हेक्टर, सिन्धुपाल्चोकको खराने खोलामा सात हेक्टर, भोटेकोशीमा चार हेक्टर, समजुंग खोलामा ३ हेक्टर, काम खोलामा २ हेक्टर र संखुवासभाको अरूण नदीमा ४ हेक्टर जमीन कब्जा गरेको मन्त्रालयले जारी गरेको विवरणमा उल्लेख छ ।

चीनसँग जोडिएको उत्तरी नेपालमा पूर्वदेखि पश्चिमसम्म ४३ भन्ज्याङ-नाकाहरू रहेका छन् । ती भन्ज्याङहरूले नेपाल-चीन सीमा नाकाको काम गरेका छन् । तिब्बत स्वासित चीन क्षेत्रमा सडक सुविधा विस्तार हुँदै गएको सडकको सञ्जाल फिजिँदै आएकोले त्यहाँका नदी, खोला पनि नेपाल सीमाभित्र पस्दै आएकोले नेपालको भू-भाग तिब्बततर्फ गइरहेको कृषि मन्त्रालयको नापी शाखाले जनाएको छ ।

दोलखामा मात्र चीनले करिब ९ बिघा नेपाली जमिन आफ्नो भएको दाबी गरेको छ । नेपालले अस्वीकार गरेपनि विवादको समाधान हुन सकेको छैन ।

दोलखाको लामाबगर गाविसको लेप्चा गाउँस्थित कोर्लाङपारी हिमालको टिप्चा चुलीमा सीमा चिह्न चिनियाँले नेपालतिर सारेपछि उत्पन्न विवाद अझै समाधान भएको छैन ।

नेपालको भारत र चीनसँगको सीमा विवादको समाधान सडकमा विरोध गरेर हुँदैन । यसको स्थायी समाधान कुटनीतिक माध्यमबाट मात्र सम्भव छ । दलहरूले पनि सडकमा भारत वा चीन विरोधी चर्को नारा लगाउनुको साटो सरकारलाई यसको कुटनीतिक समाधान गर्न दबाब दिनुपर्छ । निश्चित रूपमा देशको सीमा मिच्नु असह्य हो र यो कसैले गर्न खोज्छ भने त्यसको डटेर विरोध गर्नुपर्छ । तर शालीन विरोध भयो भने यसले दुई देशको सम्बन्ध कायम राख्न पनि सहयोग पुऱ्याउँछ भने सरकारलाई कुटनीतिक संवाद गर्न सजिलो हुन्छ ।

सीमाको विषय प्राविधिक पक्ष हो । यो विषयमा यसो गर्नुपर्छ, उसो गर्नुपर्छ भनेर हुँदैन । दुवै सरकारले बनाएको प्राविधिक समिति पछि छ । अब दुवै देशका सरकारले उक्त समितिलाई क्रियाशील बनाएर सीमा विवादको स्थायी समाधान खोज्नुपर्छ । नेपाललाई न त भारतको भूभाग चाहिएको छ न त भारतलाई नै नेपाली भूभाज चाहिन्छ । अहिले जे परिस्थिति उत्पन्न भएको हो त्यसमा कतै न कतै भ्रम पनि हुनुपर्छ वा केही गल्ती पनि हुन सक्छ । त्यसैले यो गम्भीर विषय आवेशमा आएरमात्रै समाधान हुँदैन । तसर्थ नेपालले भारतीय पक्षसँग कूटनीतिक पहलका आधारमा नेपाल-भारत विवाद समाधान गर्न गठित कार्यदलमार्फत नै दुवै देशको हित हुने दीर्घकालिक समाधान खोजिनुपर्छ । संवाद र वार्तामार्फत नेपाल-भारत र चीनको त्रिदेशीय सम्बन्ध रहनेगरी सीमा विवादलाई टुङ्ग्याउने निर्णायक भूमिकामा नेपालका सरोकारवाला सबै लाग्नु आवश्यक छ ।

नेपाल र भारतबीचको सम्बन्ध धेरै पुरानो छ । नेपाल र भारत एकअर्काको छिमेकी मात्र होइन, असल मित्र पनि हो । नेपाल र भारतले एअर्कालाई मित्रवत् व्यवहार गर्दा कसैलाई हानि हुँदैन । भारतसँग नेपालको मित्रवत् सम्बन्ध नरहँदा नेपालले मात्र हानि बेहोर्नुपर्दैन । प्रकारान्तरमा भारतले बेहोर्नुपर्ने घाटा नेपालको भन्दा ठूलो हुन सक्छ । पछिल्लो दिनमा नेपाल-भारत सम्बन्ध सुधारमा थप आयामहरू देखिएका छन् । भारतीय पक्षले पनि सकारात्मक हात अघि बढाएको अनुभव नेपाली नागरिकले गरेका छन् । प्रधानमन्त्रीका रूपमा नरेन्द्र मोदीले पटक-पटक गरेको नेपाल भ्रमणले दुई देशको मित्रतामा मधुरता थपिएको छ । भारत नेपालको स्थिरता र विकासप्रति सकारात्मक छ ।

पछिल्लो सीमा विवाद नयाँ घटना होइन । न त यो बीज आज रोपिएको हो । नेपालका तथाकथित राष्ट्रवादीहरूलाई नै भारत-चीन युद्धका समय १९६२ मा आएर बसेको भारतीय सेनालाई फर्काउन नसक्नुमा भारतको गल्ती हो र ? राजा महेन्द्रले तात्कालीन वीपी कोइराला नेतृत्वको पहिलो जननिर्वाचित सत्तालाई कुल्चिएर सुरू गरेको सामन्ती व्यवस्थालाई जोगाउनकै लागि भारतीय सेनालाई नेपालमा बस्न दिए । राजा महेन्द्रकै कारण आज यस्ता प्रकारका सीमा विवादहरू उब्जिएका हुन् । नेपालमा राष्ट्रवादको अनौठो परिभाषा छ । एकथरी अर्कोलाई अराष्ट्रिय देखाएर आफू राष्ट्रवादीको पगरी लगाउँछन् । राजा महेन्द्रदेखि ज्ञानेन्द्रसम्ममा पनि यो प्रवृत्ति थियो । आफ्ना हरेक कुकर्ममा भारतको सहयोग खोज्ने तर ती कुकर्मबाट सुरक्षित हुन भारत पुग्नुलाई अपराध ठानेर अराष्ट्रिय घोषणा गरेर आफू राष्ट्रवादी हुने गरियो । यो प्रवृत्तिका रूपमा फेरिएको छ । तर, सारमा अहिले पनि यो प्रवृत्ति कायमै छ । नेपालमा भारतको विरोध गर्नुलाई राष्ट्रवादी हुनु हो भन्ने ठान्छन् र त्यसो गरेबापत कोही चीनबाट र कोही पाकिस्तानबाट आशिर्वादको अपेक्षा गर्छन् । वस्तुतः कसैको विरोध र कसैको समर्थन गरेर राष्ट्रवाद हुन सक्दैन ।

*(मधेश दर्पण फिचर सेवा)*

जन आकाश
Jana Aakash National Weekly
www.janaakash.com.np



# दार्चुलाको शिर, नेपालको सम्पत्ति

**ध्रुवहरि अधिकारी**

संयोग भनौँ, कात्तिक २३ गते शनिबार भए पनि बालुवाटारमा सर्वपक्षीय बैठक डाकिएको थियोरु। बैठकको केन्द्रीय विषय थियो महाकाली नदीको उद्‌गमस्थल लिम्पियाधुरारु। यसले चर्चेको पूर्वतर्फका लिपुलेक र कालापानीसमेतको नेपाली भूभागलाई भारतको नयाँ 'राजनीतिक नक्सा'मा देखियोरु। त्यो नक्सा उताको गृह मन्त्रालयले सातादिनअघि प्रकाशित गरेको रहेछ - काश्मीरबारे साउनमा गरिएको निर्णय कार्यान्वयनको सिलसिलामारु। सिलसिला जेसुकै होस्, उताको नक्सामा यताको भूमिलाई समावेश गरिएको घटना असामान्य र असहज हुन गयो । हुने नै भयो । बैठकले प्रधानमन्त्री ओलीलाई जनआक्रोशको सन्देश बुझेर उचित पहल थाल्न आग्रह गर्‍यो । समर्थनको वचन दियो । दुईतिहाइ होइन, यसमा त शतप्रतिशतको सहमति प्राप्त भएको छ ।

त्यही दिन (तदनुसार नोभेम्बर ९) काश्मीरकै कारण चर्को कलहमा अल्झिएका पाकिस्तान र हिन्दुस्थान तनाव घटाउन बल पुग्ने एक उच्चस्तरीय अभ्यासमा लागेका थिएरु। प्रधानमन्त्री नरेन्द्र मोदी र प्रधानमन्त्री इमरान खान केही महिनायताको चर्को आपसी कटुताका बाबजुद पाकिस्तानमा अवस्थित पवित्र गुरुद्वारा सिख तीर्थयात्रीहरूका लागि खुला गर्ने औपचारिक कार्यक्रममा सामेल भएको दृश्य विश्वभर प्रसार भइरहेको थियोरु। सन् १९४७ को विभाजनको क्रममा पाकिस्तानतर्फको पञ्जाब प्रान्तमा पर्न गएको कर्तारपुरको गुरुद्वारा गुरू नानकले आफ्नो जीवनका अन्तिम १७ वर्ष बिताएको ठाउँ मानिन्छ । परन्तु विभाजनपछिका करिब सात दशक त्यो पवित्रस्थल भारतका बहुसङ्ख्यक सिखहरूका लागि दुर्गमस्थल भएर रह्यो । सिमानाबाट जम्मा चार किलोमिटर टाढाको ठाउँ परिबन्दले गर्दा १२० किलोमिटर परको दुर्गम इलाका बन्न पुगेको थियोरु। गुरुद्वारा पनि भत्के-बिग्रेको अवस्थामा रह्यो तर अहिले नरेन्द्र मोदी र इमरान खानबीचको समझदारीमा एक वर्षभित्रैमा निर्मित 'गुरू नानक देव मार्ग' त्यो लामो दूरी चार किलोमिटरमै झरेको छरु। कर्तारपुरलाई 'डेरा बाबा नानक' (भारतको पञ्जाब)सँग जोड्ने त्यस प्रवेश मार्गको उपयोग गर्ने तीर्थयात्री त्यस दिन ५५० थिए जसमा नेपालमा भारतीय राजदूत मञ्जिवसिंह पुरी पनि सामेल भएको खबर आएको थियो । भारत र पाकिस्तानबीचको यसै सोतो-जग्गालाई हिजोआज 'कर्तारपुर कोरिडोर भन्न थालिएको छ ।

**इच्छाशक्तिको अपेक्षा**

कर्तारपुरको यस घटनाले दिने सन्देश हो, जब आपसमा शत्रुवत् व्यवहार गरिरहेका र लडाइँमा पटक-पटक अल्झेका देश भारत र पाकिस्तानका प्रधानमन्त्रीसमेत आपसी धन्यवादको आदानप्रदानमा पुग्न सक्छन् भने बहुआयामिक मानिने नेपालसँगको सम्बन्धलाई सहज र मैत्रीपूर्ण राख्न भारतका सरकार प्रमुखलाई के अप्ठ्यारो पर्ला र ? अर्को शब्दमा, इच्छाशक्ति हुँदा छिमेकीसँगको तिक्तता हटाउन गाह्रो पर्दैनरु। सांस्कृतिक समानतालगायतका आधारमा निकट रहँदै आएको सम्बन्ध छ र भारतीय सैन्यशक्तिलाई सशक्त तुल्याउने तहको गोर्खालीहरूको योगदान छ जसको उल्लेख नरेन्द्र मोदीबाटै नेपालको संविधान सभालाई सम्बोधन गर्ने क्रममा (सन् २०१४) भएको हो ।

**आखिर नेपालले खोजेकै कुन ठूलो कुरो छ**

र ? साबिकदेखि नै नेपालको सिमानाभित्र रहिआएको ३८५ वर्गकिलोमिटर भूमिलाई भारतपट्टि पारेर प्रकाशित गरेको गलत नक्सा रद्द गरियोस् र त्यो ठाउँ खाली गरियोस् । यतिञ्जेल त्यहाँ राखिएका सैनिक शिविरलगायतका संरचना हटाइयोस्रु। अर्थात् नेपालको भूमि नेपालकै नक्सा र भोग-चलनमा रहने व्यवस्थामा सहयोग गरियोस, अवरोधको स्थिति अन्त्य गरियोस् । यसो गर्दा भारत सरकारप्रतिको नेपाली जनताको सद्भाव कायम रहन्छरु। जनस्तरको मैत्री र निकटता त सदैव एकनास छँदै छ । त्यसैले सरकारी तहका गतिविधिले त्यसलाई बिथोल्न दिनुभएन ।

अहिलेको भारत अङ्ग्रेजको उपनिवेश छँदा भएको हो सन् १८१४-१५ को नेपाल-अङ्ग्रेज युद्ध । त्यसको अन्त्य गर्न सुगौलीमा सन् १८१६ मा भएको सन्धि (सुगौली सन्धि)ले नेपालको सिमाना महाकाली नदीको पल्लो किनारसम्म हो भनेको छ । त्यस नदीको मुहान लिम्पियाधुरा देखिने नक्सा उतिखेरै कायम भएको हो । यही तथ्यको आधारमा परराष्ट्र मन्त्रालयले विज्ञप्ति निकालेको हो, एकतर्फी ढङ्गले जारी गरेको नक्सा नेपाललाई स्वीकार्य छैन भनेको होरु। नापी-सर्वेक्षणका कर्मचारी तथा सीमाविद्हरूले यसै वास्तविकताको पुष्टि, पुनर्पुष्टि गरेका हुन्रु। सुगौली सन्धिको धारा ५ मा नेपालका राजा र तिनका उत्तराधिकारीहरूले काली नदीबाट पश्चिमका भूभागमा दाबी-विरोध गर्न नपाउने भनेको कुराले नै महाकालीसम्मको जल-जमिन चाहिँ नेपालको हक-भोगमा रहेको यथार्थ छर्लङ्ग छ । यसमा पहिले बनेको र पछि-पछि बनेका नक्साहरूमा टड्कारो अन्तर पनि छैन ।

दिल्लीमा बसेर सिङ्गै भारतको शासन-प्रशासन चलाउनेहरूलाई स्वतन्त्र नेपालको इतिहास र भूगोल थाहा नहुने कुरा छैन । चीन र भारतको बीचमा सानो भूभागमा रहेको भए पनि नेपाल विशिष्ट चिनारी र हैसियत राख्ने देश भएको तथ्य जग-जाहेर छरु। यसलाई बिर्सने वा बिर्सेजस्तो गर्ने दिल्लीको व्यवहारलाई नेपाली जनताले आफ्नो स्वाभिमानमा धक्का दिने दुष्प्रयास मानेको छ । यस वास्तविकताको झलक हालैका साताहरूमा देशका विभिन्न भागमा भएका विरोध प्रदर्शन, सामाजिक सञ्जालमा प्रकट भएका असहमति एवं आक्रोश अनि सञ्चारमाध्यममा लगातार निस्किरहेका विचारहरूमा पाइन्छरु। राजतन्त्र भएको समयमा यस्ता विरोध प्रदर्शन हुँदा दरबारको उक्साहटमा भएको भनेर भारतीय प्रेसले लेख्न चलन थियो तर अचेल त्यसो भन्ने ठाउँ छैन । अर्को शब्दमा, विरोधका अहिलेका स्वर र शैलीहरू स्वस्फूर्त हुन् । तसर्थ नेपाली राष्ट्रियताको अभिव्यक्तिलाई कसैले पनि कम आकलन गर्नु उचित हुँदैन ।

छिमेकको सद्भाव र समर्थन भारतका लागि आवश्यक छ किनभने त्यसको अभावमा भारतले एसियाको एक क्षेत्रीय शक्तिको हैसियत कायम राख्दै विश्वमञ्चतिर अग्रगामी कदम चाल्न सक्दैन । त्यसैगरी हिन्दुत्वको नारामा सत्ताको बाटो पहिल्याएका नरेन्द्र मोदीले पशुपतिनाथ, मुक्तिनाथ, सीतामाताको बाल्यकाल बितेको धरती जनकपुर प्रभृतिलाई उपेक्षा गर्ने कुरा त्यसै पनि आउँदैन । नेपालमा हिन्दुराष्ट्रको कार्यसूची ज्युँदै छ ।

**बंलादेशको दृष्टान्त**

आक्रामक स्थिति र अनेक चुनौती हुँदाहुँदै पनि कर्तारपुरको सन्दर्भमा पाकिस्तानसँग एक तहको समझदारी बनाउन अग्रसर प्रधानमन्त्री नरेन्द्र मोदीकै पहिलो कार्यकालमा बङ्गलादेशसँगको सीमा-विवाद हल भएको छ । पहिले हिन्दुस्थानबाट फुटेर पाकिस्तान बन्यो र कालान्तरमा पाकिस्तान पनि फुटेर बङ्गलादेश बनेको परिदृश्य पुरानो होइनरु। यस्तो पृष्ठभूमिमा तय भएको हो मोदी सरकार र शेख हसिना सरकारबीचको सीमा-सम्झौता तदनुसार, अन्तर्राष्ट्रिय सीमारेखाले बङ्गलादेशको सरहदमा रहे तापनि भित्रका कतिपय गाउँ र बस्ती भारतीय थिए र त्यहाँका बासिन्दा पनि भारतीय । त्यस्तै विचित्र अवस्था भारततर्फ पनि थियो । बङ्गलादेशका कतिपय बस्ती र बासिन्दा चारैतिरबाट भारतले घेरेको अवस्थामा थिएरु। यसरी आफ्नो सरहदमा परेका चेपिएका जग्गा (एन्क्लेभ) सट्टापट्टाको विधिबाट आदानप्रदान गर्ने काम भारत र बङ्गलादेशले सन् २०१५ को जुलाईबाट थालेर ११ महिनामा सम्पन्न गरेका हुन । यस क्रममा त्यस्ता बस्तीका निवासीलाई कताको नागरिकता लिने त्यो छनोट गर्ने मौकासमेत दिइएको थियोरु। यस क्रममा भारतले ११० ठाउँ बङ्गलादेशलाई दियो र ५१ ठाउँ उताबाट प्राप्त गर्‍यो । सबै हिसाब गर्दा ११९ वर्ग किलोमिटर भूभाग सट्टापट्टामा परेछ ।

साँध-सिमानाको सन्धि-सर्पन हल गर्न सट्टापट्टाको व्यवहार उपयोगी हुने यस घटनालाई उदाहरण मान्दा हाम्रो लिपुलेक क्षेत्रको भूमि भारतका लागि सामरिक महत्वको छ भने भारतले हामीलाई त्यसको सट्टामा बङ्गलादेश जोड्ने सडक बनाउन एउटा सोतो ( कोरिडोर) उपलब्ध गराउने प्रस्ताव राख्न सक्छ । राखे हुन्छ । नेपालले त्यसमा गम्भीर भएर सम्झौता-वार्ता अघि बढाउन सक्छ । नेपाललाई व्यापार तथा पारवहनका लागि थप एक ढोका खुल्छ भने भारतका लागि चीनको सन्दर्भमा काम लाग्ने सुरक्षा-भूमि प्राप्त हुन्छ । नदीको धार फेरिनाले परिवर्तित हुन पुगेका अन्यत्रका कतिपय सीमावर्ती गाउँ बस्तीका मामिला पनि सट्टापट्टा विधिबाट टुङ्ग्याउन सकिन्छरु। विकल्प अरू पनि हुन सक्छन् । मुख्य कुरो हो इमान्दार प्रयत्नको ।

स्पष्ट छ, नेपालले दार्चुलाको शिरमा रहेको आफ्नो अचल सम्पत्ति र त्यसमाथिको सार्वभौम अधिकार कदापि छोड्न सक्दैन । नेपाली जनताको यो भावनालाई भारत सरकारले नबुझेको पनि होइनरु। उदाहरण हेरौँ : २०४८ सालमा गिरिजाप्रसादले दिल्लीमा गरेको टनकपुर सम्झौता विवादमा परेपछि अर्को वर्ष उताका प्रधानमन्त्री पीभी नरसिंह रावले नेपाल भ्रमण गरेरु। उनले त्यतिखेर संयुक्त विज्ञप्तिमार्फत बाँधबारे 'स्पष्टीकरण' दिँदै टनकपुरमा मिचिएको ५७७ मिटर जग्गा नेपालको सार्वभौम अधिकार क्षेत्रको हो भनेर प्रतिबद्धता जनाएका हुन् जुन सरकारी अभिलेखमा सुरक्षित होलारु। त्यसमा क्षतिपूर्तिको प्रावधान पनि राखिएको थियो ।

हालै नयाँ नक्साबारे नेपालको भनाइमा प्रतिक्रिया दिने भारतीय प्रवक्ता रविशकुमारहरूलाई २०४९ सालको प्रसङ्गको पनि हेक्का अवश्य होला ।

*(लेखक वरिष्ठ पत्रकार हुनुहुन्छ ।)*

# राशी अटो मोबाइल्स र बि.एस. मोर्टसबीच सहकार्य

काठमाडौं । भारत पितमपुरमा अवस्थित फ्याक्ट्रीबाट उत्पादन हुने न्युहोल्याण्ड कन्स्ट्रक्शन इक्युप्मेन्टहरु नेपालमा आयात भई बिक्रीबितरण हुन थालेको लगभग तीनबर्ष हुन लागको छ । लगभग ५०० भन्दा बढि ब्याक्हुलोडर र सोइल कम्प्याक्टरहरु नेपालमा सञ्चालनमा रहेका छन् ।

हाल फियाट ग्रुपको अन्तर्गत रहेको केश न्युहोल्याण्डको (सिएनएच) को नामबाट "न्युहोल्याण्ड" र "केश"दुई ब्राण्डका कन्स्ट्रक्शन इक्युप्मेन्टहरु बिश्वभरी नै उत्पादन हुन्छन् । विश्वका १०भन्दा बढि देशबाट उत्पादनभई विश्वका १०० भन्दा बढि देशहरुमा बिक्री बितरण हुन्छन । भारतमा पनि पितामपुरमा रहेको एउटै फ्याक्ट्रीबाट "न्युहोल्याड"र "केश"दुई अलगअलग ब्राण्डहरु उत्पादन भइरहेका छन् । तर दुवैमा प्रयोग भएका सबै पार्टपुर्जा र कम्पोनेन्टहरु भने एउटै हुन्छन् ।

नेपालमा न्युहोल्याण्ड एग्रीकल्चर तथा कन्स्ट्रक्शन इक्युप्मेन्टहरु भुषाल समुह अन्तर्गतको बिएस मोर्टसले आयत गरि राशी अटोमोवाइल्स मार्फतबिक्री बितरण गर्ने गरि कार्य अगाडि बढेको हो ।

भुषाल समुहले नेपालको पश्चिम नेपालको प्रमुख ब्यापारिक केन्द्र बुटवलमा आधारित रहि आफ्नो ब्यापारिक कृयाकलापहरु अगाडि बढाउदै



गरेको छ । बालकृष्ण भुषाल एक निडर, स्वाभिमानी, अटोमोबाइलको ब्यवसायलाई नजिक बाट बुझेका ब्यक्ति हुन् । उनकै नेतृत्वमा भुषाल समुहअन्तर्गतका बिभिन्न कम्पनीहरु सञ्चालनमा छन् । उनकादुई छोरा अमृत भुषाल र अंकित भुषालले पनि ब्यवसायमा आफ्ना बुवालाई दरिलो साथदिई रहेका छन् । बालकृष्ण भुषालकी जेठी बुहारी जया भण्डारी भुषालले पनि भुषाल समुहको नयाँ ब्यवसायमा त्यतिकै सहयोग गर्दै आएकी छन् । करिब ३० बर्ष अघि देखि ट्रेक्टर आयातगरि नेपालको बजारमा बिक्री गर्दै आएको भुषाल समुह हालआएर न्युहोल्याण्ड ब्राण्डका ट्रेक्टर, कन्स्ट्रक्शन इक्युप्मेन्ट आयातगर्दै आएको छ । हालभुषाल समुहले भैर हवामापाँचतारे होटल निर्माण गरि रहेको छ । रियल स्टेटको क्षेत्रमा पनि भुषाल समुह आफुलाई राम्रोसँग स्थापित गर्न सफल भएको छ । यसरी एक पछि अर्को क्षेत्रमा हात हाल्दै अनि आफुलाई सफल बनाउदै अघि बढि र हेको भुषाल समुहले आयतगर्ने गरेको न्यु होल्याण्ड कन्स्ट्रक्शन इक्युप्मेन्टको लागि अबदेखि नेपाल भरको सबै क्षेत्रमाबिक्रीबितरण सम्बन्धी सम्पुर्ण कार्य गर्ने गरि राशी अटोमोबाइल्ससँग सहकार्य गर्ने गरि सम्झौताभएको छ । यो सम्झौता अनुसार अब देखि भुषाल समुहअन्तर्गतको बिएस मोर्टसले न्यु होल्याण्ड कन्स्ट्रक्शन इक्वीप्मेन्टहरु आयातमात्रगर्ने र नेपालको ग्राहकहरुले राशी अटोमोबाइल्स र यस अर्न्तगत रहेका डिलरहरु मार्फत न्युहोल्याण्ड कन्स्ट्रक्शन इक्युप्मेन्टहरु खरिदगर्न सक्ने छन् ।

अटोमोबाइल क्षेत्रमा स्थापित नाम अर्जुन रानाभाट र कपिल शिवाकोटीको संयुक्त लगानीमा स्थापित कम्पनी राशी अटोमोबाइल्सको प्रधान कार्यलय सातदोबाटो, ललितपुरमा रहेको छ । यसको प्रबन्ध निर्देशकको रुपमाश्री कपिल शिवाकोटी कार्यरत छन् । यस भन्दा अघि ज्योति समुह, आइएमई समुहमा उच्च तहमा रहेर बिभिन्न मल्टीनेशनल ब्राण्डहरु ह्याण्डल गरिसकेको अनुभव लिएका कपिल शिवाकोटीले अब न्यु होल्याण्ड कन्स्ट्रक्शन इक्वीप्मेन्टलाई नेपालको बजारमालिएर आएका छन् । राशी अटोमोबाइल्स अन्तर्गत १६ स्थानमा डिलरहरु स्थापना गरि सञ्चालन गरिने छ र हाल ९ स्थानमा डिलरहरु स्थापनाभई सञ्चालनमाआईसकेका छन् । नेपाल भर र हेकाउक्त डिलरहरुबाट न्यु होल्याण्ड कन्स्ट्रक्शन इक्वीप्मेन्टका ब्याक्हुलोड, सोइल कम्प्याक्टर, भाइब्रेटर रोलर, टेण्डम रोलर आदिइक्वीप्मेन्टहरु खरिद गर्न र बिक्री पछिको सेवाप्राप्तगर्न सकिने जानकारी राशी अटोमोबाइल्सले दिएको छ ।

# चार हजार मतदाता सहभागी हुने, पाँच मतदान केन्द्र तोकिए

बैतडी । यही मङ्सिर १४ मा हुने उपनिर्वाचनलाई लक्षित गर्दै बैतडीमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन हुने भएको छ । जिल्ला निर्वाचन कार्यालय बैतडीका अनुसार उपनिर्वाचन हुने दोगडाकेदार गाउँपालिका-४, सुर्नया गाउँपालिका-१ र पुर्चौंडी नगरपालिका-४ मा मङ्सिर ५ देखि ११ गतेसम्म मतदाता शिक्षा कार्यक्रम सञ्चालन हुने भएको छ ।

मतदाता शिक्षा कार्यक्रमका लागि प्रत्येक वडामा दुई-दुई जना मतदाता शिक्षा कार्यकर्ता खटाइने जिल्ला निर्वाचन अधिकारी माधव फुयाँलले जानकारी दिनुभयो । मतदाता शिक्षा कार्यकर्तालाई निर्वाचनबारे जानकारी दिनका लागि हातेपुस्तिका, स्रोतपुस्तिका, पर्चा-पम्प्लेट र नमूना मतपत्रसहित घरदैलो कार्यक्रम गरिने जनाइएको छ । सम्बन्धित मतदान केन्द्र, मतदानस्थल र घरदैलोमा पुगेर उनीहरुले मतदाता शिक्षा प्रदान गर्ने जनाइएको छ ।

मतदाता शिक्षा कार्यकर्ताले निर्वाचनको महत्व, मतदातालाई मतपत्रमा चिह्न लगाउने, मतपत्र पट्याउने, मतपेटिकामा राख्ने, मतदानस्थलमा प्रवेश गर्नुअघि र पछि पालन गर्नुपर्ने नियम र तरिकाबारे मतदातालाई जानकारी दिने भएका छन् । बदर मतको प्रतिशतमा कमी ल्याउने उद्देश्यका साथ मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिन लागिएको जिल्ला निर्वाचन कार्यालय बैतडीले जनाएको छ ।

आठजना चुनावी मैदानमा

यही मङ्सिर १४ मा हुने उपनिर्वाचनका लागि बैतडीमा आठजना चुनावी मैदानमा रहेका छन् । जिल्लाको दोगडाकेदार-४ मा नेकपाबाट नरेन्द्रप्रसाद भट्ट, नेपाली कांग्रेसबाट सुरेन्द्रप्रसाद भट्ट र राप्रपा संयुक्तबाट देवसिंह खत्रीले उम्मेदवारी दिनुभएको छ ।

यस्तै सुर्नया-१ मा नेकपाबाट धनबहादुर चन्द र नेपाली कांग्रेसबाट गजेन्द्रबहादुर चन्दको उम्मेदवारी परेको जिल्ला निर्वाचन कार्यालय बैतडीले जनाएको छ । उता पुर्चौंडी-४ मा नेकपाबाट शैलेन्द्र धानुक, कांग्रेसबाट गोविन्दबहादुर धामी र स्वतन्त्रबाट चन्द्रबहादुर बोहराले उम्मेदवारी दर्ता गराएका छन् ।

चार हजार मतदाता सहभागी हुने, पाँच मतदान केन्द्र तोकिए

उपनिर्वाचनमा बैतडीमा चार हजारभन्दा बढी मतदाता सहभागी हुने भएका छन् । जिल्ला निर्वाचन कार्यालय बैतडीका अनुसार निर्वाचन हुने ३ वडामा कूल चार हजार ३३६ मतदाता सहभागी हुने भएका छन् । दोगडाकेदार गाउँपालिका-४ मा एक हजार ८०८, सुर्नया गाउँपालिका-१ मा ६१९ र पुर्चौंडी नगरपालिका-४ मा एक हजार ९०९ मतदाता रहेका निर्वाचन अधिकारी फुयाँलले जानकारी दिनुभयो ।

निर्वाचन हुने ३ वडामा पाँचवटा मतदान केन्द्र तोकिएका छन् । दोगडाकेदार-४ मा केदारनाथ मावि पीपलकोट र हुनैनाथ मावि कपिन्ना, सुर्नया गाउँपालिका-१ मा गाविस भवन गुर्केली र पुर्चौंडी नगरपालिका- ४ मा महादेव मावि सिवावो, पहरोल मावि बाङ्गा मतदान केन्द्र तोकिएका छन् ।

पीपलकोट माविमा एक हजार २२९, हुनैनाथ माविमा ५७९, गाविस भवन गुर्केलीमा ६१९, महादेव माविमा ८६५ र पहरोल मावि मतदान केन्द्रमा एक हजार ४४ मतदाताले मतदान गर्न पाउने भएका छन् । यसै वर्षको साउन १६ गतेसम्म १८ वर्ष पूरा भएकाले उपनिर्वाचनमा मत हाल्न पाउनेछन् ।

वडाध्यक्ष रिक्त रहेका बैतडीका ३ वडामा मङ्सिर १४ मा उपनिर्वाचन हुन लागेको हो । उपनिर्वाचनका उम्मेदवारी दिएका राजनीतिक दलहरुले चुनावी प्रचारप्रसारलाई तीव्रता दिएका छन् ।

# सुरक्षित जीवन बीमा नेपाल लाइफको योजना

**दिपक बराल**

यो एक प्रकारको सावधिक बीमा योजना हो । यो बीमा ११ बर्षदेखि ६० बर्षसम्मको व्यक्तिले गर्न सक्दछन । यस बीमालेख परिपक्व उमेर ६५ बर्षमानिएको छ । यस बीमा योजना अन्तर्गत बोनस बीमितको मृत्यु वा बीमा समाप्ति अवधि जुन पहिला आउछ त्यही समयमा भुक्तानी गरिन्छ । यो सर्वाधिक लोकप्रिय जीवन बीमा हो । यो बीमालेखमा बीमक र बीमितको बिच भएको सहमति अनुसार एउटा निश्चित अवधि तोकि सो अवधिसम्म बीमाशुल्क तिर्नुपर्ने गरि बीमालेख जारी गरिन्छ । यस बीमालेख अर्न्तगत दुइ बर्ष बीमाशुल्क तिरी सकेका बिमितलाई समर्पण मुल्यमा ९० प्रतिशत सम्म ऋण प्रदान गर्न सकिने छ । कम्पनीले यस बीमा योजना अर्न्तगत कम्तीमा रु २५०००।( र बढीमा बीमितको आय श्रोतको आधारमा बीमा लागु गर्दै आएको छ । यस योजनामा बीमाशुल्क बाषिर्क, अर्ध बार्षिक र त्रैमासिक रुपमा गर्न सकिन्छ ।

उदाहरणको लागि यदि ३० बर्षको व्यक्तिले २१ बर्षाका लागि रु २,०००,०००र( को जीवन बीमा गराउँदा उसले बार्षिक रु ९५१००।- बीमाशुल्क तिर्नु पर्दछ।उसले बीमा समाप्ति अवधिमा रु २० लाख र २१ बर्षसम्मको एकमुष्ट बोनस रकम लगभग ३०२४०००पाउने छ । यदि बिमितको बीमा समाप्ति अवधि अगावै मृत्यु भएमा बीमाङ्क रकम रु २०लाख र त्यस अवधि सम्मको बोनस प्राप्त गर्नेछ । दुर्घटना बिमा सुबिधा लिएको खण्डमा दुर्घटनाबाट मृत्यु भएमा बिमन्क दुर्घटनाबिमा सो अबधी सम्मको बोनस एकमुष्ट पाउछ साथै PTD+PWB सुबिधा लिएको खण्डमा दुर्घटनाबाट अस्थायी असक्तता भए बाकी किस्ता कम्पनिले तिरिदिने अपाङ्ग खर्च बिमन्कलाइ १२० ले भाग गर्दा आउने रकम बिमितलाइ १० बर्षसम्म दिइसकेपछी पनि अन्तमा बिमान्क र बोनस सहित पाउने सुबिधा साथै बिमित सकुसल रहे आफ्नो योजना अनुसारको काम गर्न बिमान्क र बोनस पाउछ ।कथम्कदाचित माथी उल्लेखित केहि घटना घटेमा नजिकको हकवाला वा इच्छुक ब्याक्तिले सो रकम पाउने सुबिधा छ । यो बिमा पोलिसी बिस्वमा नै सबैभन्दा लोकप्रिय पोलिसी हो । थप जानकारीको लागी यो नम्बरमा सम्पर्क गर्न अनुरोध छ ।

9841584219/9803923776

# मेगा बैंकबाट ११.७५ प्रतिशत नगद लाभांश पारित

काठमाडौं । मेगा बैंक नेपाल लिमिटेडले शेयरधनीलाई ११ दशमलव ७५ प्रतिशत नगद लाभांश पारित गरेको छ ।

काठमाडौंमा शुक्रबार सम्पन्न मेगा बैंकको नवौं बार्षिक साधारण सभाले गत आर्थिक वर्ष २०७५/०७६ को मुनाफाबाट शेयरधनीलाई ११.७५ प्रतिशत नगद लाभांश पारित गरेको हो । आर्थिक बर्ष २०७५/०७६ सम्मको सञ्चित मुनाफा तथा वितरणयोग्य अन्य कोषबाट हाल कायम चुक्ता पुंजी १० अर्ब ३८ करोड ८६ लाख २१ हजार ४ सय ५४ रुपैंयाको ११ दशमलव ७५ प्रतिशतले हुन आउने १ अर्ब २२ करोड ६ लाख ६३ हजार २० रुपैंया ८१ पैसालाई नगद लाभांश स्वरुप शेयरधनीलाई वितरणका लागि पारित गरेको अध्यक्ष भोजबहादुर शाहले जानकारी दिनुभयो ।

साधारण सभामा अध्यक्ष शाहले प्रचलित ऐन तथा कानुनको अधिनमा रही वैदेशिक रणनीतिक साझेदारको पहिचान गर्ने सम्बन्धमा आवश्यक कार्य गर्नका लागि प्रस्ताव पेश गर्नुभएको थियो । सो सम्बन्धी प्रस्तावलाई पारित गर्दै साधारण सभाले सञ्चालक समितिलाई अख्तियारी प्रदान गरेको छ । अध्यक्ष शाहले मेगा बैंकलाई देशकै अग्रणी र अलगै पहिचान सहितको बैंक बनाउने उद्देश्यले मर्जर तथा एक्वीजिशनलाई पनि प्राथमिकता दिएको साधारण सभालाई जानकारी दिनुभयो ।

'आफ्नो पुँजी तथा व्यवसायको आकारमा वृद्धि गर्दै उत्कृष्ट वाणिज्य बैंकको रुपमा स्थापित गर्ने उद्देश्यलाई बढावा दिन पोखरामा केन्द्रिय कार्यालय रही राष्ट्रिय स्तरको "ख" वर्गको वित्तीय संस्थाको रुपमा सञ्चालित गण्डकी विकास बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्न असोज ८ गते समझदारीपत्रमा हस्ताक्षर गरी सैद्वान्तिक सहमति समेत गरिसकेका छौं । उक्त प्राप्ति प्रक्रिया सम्बन्धी कार्यहरु सम्पन्न भएपश्चात स्वीकृतिको लागि साधारण सभामा प्रस्ताव पेश गरिनेछ', अध्यक्ष शाहले भन्नुभयो - 'गण्डकी विकास बैंक प्राप्तिपश्चात मेगा बैंकको शाखा सञ्जाल देशव्यापीरुपमा २१० वटा भन्दा बढी रहन गई व्यवसायको आकारको आधारमा हालको १० ठूला वाणिज्य बैंक मध्येको बैंकको रुपमा मेगा बैंक स्थापित हुन सफल हुनेछ ।' स्थापनाको एक दशक नबित्दै समकालिन बैंकहरुमा उत्कृष्ट बन्न सफल भएकोमा गौरवान्वित भएको अध्यक्ष शाहले बताउनुभयो ।







साधारण सभामा सिइओ अनुपमा खुञ्जेलीले ग्राहकहरुको विश्वास जित्दै अघि बढ्न सफल भएकाले बैंकको सञ्जाल, व्यवसाय र मुनाफाको आकारमा उल्लेख्य प्रगति भएको बताउनुभयो । स्थापनाकालदेखि नै गरिबीको रेखामुनी रहेका र मध्यमवर्गीय नेपालीहरुलाई प्राथमिकता दिँदै नवीनतम र अत्याधुनिक बैंकिङ सुविधा प्रदान गर्दै आएको उहाँले बताउनुभयो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रतिष्ठित बैंकको छवि बनाउन सफल भएकै कारण बैंकले यस बर्ष साना तथा मझौला व्यवसाय र लघुवित्त कर्जा गरी दुई विधामा उत्कृष्ट बैंकको रुपमा अन्तर्राष्ट्रियस्तरको 'एशिया मनी अवार्ड' जित्न सफल भएको सिइओ खुञ्जेलीले बताउनुभयो । बैंकको उपलब्धिका लागि सबै सरोकारवाला, संस्थापक, सर्वसाधारण शेयरधनी, नियमक निकाय र ग्राहकवर्गलाई उहाँले धन्यवाद दिनुभयो ।

गत आर्थिक बर्षमा २३ दशमलव ७१ प्रतिशत मुनाफा बृद्धि गर्न सफल भएको जानकारी दिँदै सिइओ खुञ्जेलीले मुनाफासँगै संस्थागत सामाजिक उत्तरदायित्वलाई पनि बैंकले उत्तिकै प्राथमिकता दिएको बताउनुभयो । सोही बमोजिम देशभरका प्रत्येक शाखाबाट एक-एक जना गरी १ सय २ जना असहाय छात्राहरु लगायत डोल्पा जिल्लास्थित उत्पीडित जनजाति समुदायको तर्फबाट एसईई परिक्षामा एक प्लस ग्रेड हासिल गर्न सफल विद्यार्थी छिरिङ दावा बुढामगरलाई उच्च शिक्षाका लागि छात्रवृत्ति प्रदान गरी कक्षा १ देखि १२ सम्मको पठनपाठनका लागि शैक्षिक सामाग्री लगायत छात्रवृत्तिको व्यवस्था गरेको उहाँले जानकारी दिनुभयो । 'छात्रवृत्ति अभियानबाट आर्थिक अभावमा बालिकाहरुले बीचमै पढाई छाड्नुपर्ने बाध्यताको अन्त्य हुने हामीले विश्वास लिएका छौं । गरिब, असहाय बालिकाहरुको उज्जवल भविष्यका लागि यो छात्रवृत्ति महत्वपूर्ण सावित हुनेछ ।'- सिइओ खुञ्जेलीले भन्नुभयो ।

मेगा बैंकका अहिले १११ वटा शाखा कार्यालय, २१ वटा एक्सटेन्सन काउण्टर, १११ वटा एटिएम मेसिन तथा ११९ वटा शाखारहित बैंकिङ्ग केन्द्रहरु रहेका छन् । बैंकको आफ्नै विप्रेषण प्रविधि "मेगारेमिट" को देशभर लगभग २,५०० भन्दा अधिक प्रतिनिधिहरु रहेका छन् भने अन्य आन्तरिक तथा अन्तर्राष्ट्रिय विप्रेषण सेवा सहकार्यको संख्या २१ पुगेको छ । बैंकले आफ्नो व्यावसायिक दायरा वृद्धि गर्न मर्चेन्ट बैंकिङ्ग व्यवसायको लागि बैंकको सहायक कम्पनी "मेगा क्यापिटल मार्केट्स् लिमिटेड" ले सञ्चालन अनुमति प्राप्त गरी २०७६ बैशाखबाट कारोबार सञ्चालन गरिसकेको छ । यसका अलवा धितोपत्र व्यवसायी/शेयर दलालको कार्य गर्न बैंकको शत प्रतिशत स्वामित्व रहने गरी 'मेगा स्टक मार्केटस् लिमिटेड' को नाममा सहायक कम्पनी दर्ता भई सञ्चालन अनुमतिको प्रक्रियामा रहेको छ ।

मेगा बैंकले बैंकको आन्तरिक जीवनलाई मजबुत एवं सहयोगात्मक र भरपर्दो बनाउन मेगा बैंकका कर्मचारीका लागि आफ्नै 'मेगा लर्निङ, रिसर्च एण्ड डेभलपमेन्ट सेन्टर' सुरुवात गरेको छ । यसका साथै, ग्राहकको चाहना र आधुनिक प्रविधिलाई मध्यनजर राख्दै अत्याधुनिक डिजिटल सूचना प्रविधि प्रणाली संचालनमा ल्याएको मेगा बैंकले जनाएको छ । जसले कारोबार सुरक्षित हुनुका साथै ग्राहकमैत्री सेवा विस्तार गर्न मद्दत पुग्ने बैंकको विश्वास छ ।

ग्राहक तथा शेयरहोल्डर सेवा अन्तरगत मेगा बैंकले अस्पताल, एयरलायन्स, डिपार्टमेन्ट स्टोर, होटल, शिक्षालय तथा अन्य क्षेत्रमा मेगा डेबिट तथा क्रेडिट कार्ड प्रयोगकर्तालाई विशेष सहुलियतको प्रबन्ध गर्ने प्रतिबद्धता अन्तरगत यस बर्ष ग्रान्डी अस्पताल, स्टार अस्पताल लगायतका अस्पताल र कतार एयरलायन्समा छुटको व्यवस्था गरेको छ ।

२०७६ मंसीर १४ गते शनिबार हुने प्रतिनिधिसभा सदस्य, प्रदेश सभा सदस्य तथा स्थानीय तहका प्रमुख, अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्ष पदको उपनिर्वाचनमा सहभागी भई आफ्नो मताधिकारको सदुपयोग गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## बैकिङ्ग संसार

### १०% लक्ष्मी बैंक डिबेन्चर, २०८६ को बाँडफाँड सम्पन्न

काठमाडौं । लक्ष्मी बैंक लिमिटेडबाट निष्कासित रु २ अर्बमूल्य बराबरको १०% लक्ष्मी बैंक डिबेन्चर, २०८६ को बाँडफाँड सम्पन्नभएको छ । नबिलइन्भेष्टमेन्ट बैंकिंग लिमिटेड विक्रीप्रबन्धक रहेको सो ऋणपत्रमा शतप्रतिशतआवेदनप्राप्तभएको थियो । कूलनिष्कासित २०,००,००० कित्ता

लक्ष्मी बैंक
लक्ष्य छ, लक्ष्मी बैंक छ ।

ऋणपत्रमध्ये सर्वसाधारणतर्फ २६५ जनाआवेदकलाई माग गरेबमोजिम नै ७९,९९६ कित्ता र व्यक्तिगत तवरतर्फ २३ जनाआवेदकलाई माग गरेबमोजिम नै १९,२०,००४ कित्ता ऋणपत्र जारी गरिएको हो । ऋणपत्रको आवेदन २०७६ सालआश्विन २३ गते सुरु भईकात्तिक २२ गते समाप्तभएको थियो । लक्ष्मी बैंक लिमिटेडको केन्द्रिय कार्यालय, हात्तीसारमा एक कार्यक्रमकाबीच सो बाँडफाँड सम्पन्नभएको थियो । कार्यक्रममा दुवै कम्पनीका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

**लक्ष्मी बैंकका बारेमा**

लक्ष्मी बैंक सन् २००२ मा स्थापनाभइको क वर्गकावित्तीय संस्थाहो । बैंकले आफ्नाशाखाएवं आइटि च्यानलहरुको माध्यमबाट ग्राहकहरुलाई वित्तीय सेवाप्रदानगर्दै आइरहेको छ । हाल बैंकका नेपालअधिराज्यभर ४८ जिल्लामा ११६ शाखा, २ एक्सेन्शन काउन्टर र ४ हस्पिटल सेवाकाउन्टर, १४१ एटिएम, २५०० भन्दा बढि रेमिटेन्स्एजेन्ट तथा ६४ शाखा रहित बैंकिङ्गएजेन्टहरु पुगेको छ ।

### सिटी एक्सप्रेस ग्रुपद्वारा मानव सेवा आश्रमलाई १२०० थान ज्याकेट हस्तान्तरण

काठमाडौं । सिटी एक्सप्रेस ग्रुपद्धारा सामाजिक उत्तरदायित्व अन्तर्गत मानव सेवा आश्रमलाई १२०० थान ज्याकेट हस्तान्तरण गरिएको छ । जाडोयामलाई लक्षित गरि मानव सेवा आश्रममा आश्रित सम्पुर्ण महानुभावहरुलाई जाडोबाट बच्न उक्त ज्याकेट वितरण गरिएको हो ।



उक्त अवसरमा सिटी एक्सप्रेस ग्रुप अर्न्तगतका भगिनी संस्थाहरु मध्ये सिटी एक्सप्रेस मनि ट्रान्सफरका प्रशासकीय निर्देशक कृष्णराज पौडेल, सिटी एक्सप्रेस फाइनान्सका प्रमुख कार्यकारी अधिकृत भिष्मराज चालिसे, र सिटी एक्सप्रेस बचत तथा ऋण सहकारीका प्रमुख कार्यकारी अधिकृत नारायण बस्नेतद्धारा संयुक्त रुपमा मानव आश्रमका अध्यक्ष रामजी अधिकारीलाई उक्त ज्याकेटहरु एक समारोहबिच हस्तान्तरण गरिएको थियो ।

### मुक्तिनाथविकास बैंक लि.र ट्र्याङ्गकुलिटी स्पाबिचसहकार्य

काठमाडौं । मुक्तिनाथ विकास बैंक लि र ट्र्याङ्ग कुलिटी स्पा, काठमाण्डौंबीच बैंकका ग्राहकहरुलाई स्पामा तोकिएका शुल्कमा विशेष छुट दिने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ । उक्त सम्झौता पत्रमा ट्र्याङ्गकुलिटी स्पाकोतर्फबाट वजारीकरण तथा बिकि प्रबन्धक बन्दना गुरुङ्ग र मुक्तिनाथ




विकास बैंक लि.का तर्फबाट वजारीकरण विभागका विभागीय प्रमुख बसन्त बक्सीले हस्ताक्षर गर्नुभयो । यस सम्झौता पश्चात मुक्तिनाथ विकास बैंकका भिषा डेबिट कार्डवाहक ग्राहकहरूले ट्र्याङ्गकुलिटी स्पामा तोकिएका विभिन्न सेवाहरुमा ३० प्रतिशत सम्म छुट पाउने व्यवस्था गरिएको छ ।

मुक्तिनाथ विकास बैंक लि.ले देशैभरी रहेका १३३ शाखाहरुबाट आफ्ना ग्राहकहरुलाई विभिन्न किसिमका निक्षेप तथाकर्जा सुविधाहरु, रेमिट्यान्स सेवा, बैंकास्योरेन्स, आस्वा, मोबाइल बैंकिंङ्ग सुविधाका साथै देशैभरी भिषा नेटवर्क अन्तर्गत रहेका ATM बाट निःशुल्क रकम झिक्न मिल्ने सेवाहरु उपलब्ध गराएको छ । बैंकले क्यान्सर उपचार र दुर्घटना मृत्यु बीमामा आवद्ध गरी जीवन वरदान बचत खाता तथा आकर्षक सुविधा र व्याजदरमा आवास तथा सेयर कर्जा पनि सञ्चालनमा ल्याएको बैंकका प्रमुख सूचना अधिकारी तिलबहादूर गुरुङ्गले बताउनु भयो ।

# सीमा सुरक्षाको दीर्घकालीन निकास

**रमेश भट्टराई 'सहृदयी'**

**हाल चर्केको मुद्दा नयाँ पनि होइन। सन् १९५० को सन्धिको धारा १ र ८ मा सुगौली सन्धिमा गुमेको भूमि फिर्ता हुनुपर्ने प्रावधान छ। सन् २०७१ मा पूर्वी पाकिस्तान बंगलादेश बन्यो। यस घटनाको साक्षी बेलायत हो भनी भन्न सकिन्छ। संयुक्त राष्ट्र सङ्घमा अनुरोध गर्न सकिन्छ। पत्रकार भैरव रिसालका अनुसार दार्चुला जिल्लाअन्तर्गतको व्यास गाविसमा पर्ने लिपु लेकलाई उहाँ स्वयम्ले वि.सं. २०१८ सालमा नेपाली भूमिकै आधारमा जनगणना गर्नुभएको थियो।**

भारतले जारी गरेको आफ्नो नक्साभित्र लिम्पियाधुरालगायत कालीवारिको त्रिदेशीय क्षेत्रलाई समेत राखेको समाचारसँगै नेपाली मनमा राष्ट्रिय गरिमाको पीडा बढेको छ। नेपाली जनमानसमा राष्ट्रिय स्वाधीनताको घाउ दुखेको छ।

देशको भूमिसँग मित्रतालाई तोलेर सट्टापट्टा गर्ने विषय पनि त होइन। हिजोको वीरताको इतिहासलाई स्मरण गर्दा पनि पुर्खाले गिज्याएजस्तो लाग्छ। दुई देशबीचको सुध्रिँदो भनिएको सम्बन्धमै शङ्का बढेको छ। कूटनीतिक सम्बन्धलाई खोजेर हिजोको ऐतिहासिक दस्तावेजलाई सम्बोधन गरिनुपर्नेमा भारतले सीमा हस्तक्षेपको कार्यबाट मित्रवत भावनालाई उल्लङ्घन गरेको महसुस नभएको होइन। तर, उता भारतीय विदेश मन्त्रालयका प्रवक्ता रविश कुमारद्वारा सीमानामा कुनै परिवर्तन नगरिएको र भारतकै सम्प्रभु क्षेत्रलाई मात्र समेटेको भनिएको छ। यस्तो गम्भीर विषयलाई संसदभित्रै घनिभूत छलफल भई विज्ञ टोलीद्वारा सत्य प्रमाणका आधारमा समाधान खोजिनुपर्छ। प्रधानमन्त्री स्तरबाट समाधान खोजिनुपर्छ।

सोचनीय विषय हो- देशका लिपुलेक र लिम्पियाधुरा मात्र होइन रातारात दशगजा सार्ने अराजक गतिविधि भारतीय पक्षबाट नभएका होइनन्। हामीलाई अघोषित नाकाबन्दीको पीडालाई फेरि सीमाको पीडासँगै सम्झाइदिएको छ। अझ, सन् १९६२ सम्म कुनै विवादमा नभएको कालापानीदेखि सुस्ताजस्ता नेपालका भूभागमा भारतले आफ्नैतिर पार्नका लागि दाबी नगरेको पनि छैन। सीमा क्षेत्रमा पर्ने वन, नदी, खेत, कतिपय बस्ती समेतलाई आफ्नोतिर पार्ने र अनेकौं दबाब दिइरहने गरेका विषयलाई मोदीको नेपाल भ्रमणपछि पनि सुल्झाइएन। बरू, महाकालीको मुहानजस्ता कतिपय क्षेत्रमा समेत हस्तक्षेप गरिरहेको छ। गोविन्द गौतमजस्ता सहिद बनेका नेपालीका दुर्दशालाई हेर्दा सानो देश भनी हेपिएको हो भन्दा पनि फरक पर्दैन। नेपालको आन्तरिक राजनीतिमा केही हदमा हस्तक्षेप पनि भए। भारतीय एसएसपीद्वारा दिनहुँजसो ठगिने, लुटिने, कुटिने, दबाबमा बाँच्नुपर्ने सीमा क्षेत्रका नेपालीका दशालाई नजिकबाट नियाल्दा हृदयमा गहिरो जलन हुन्छ।

भारतीय सञ्चार माध्यम आजतक खबरमा भनिएको छ : पाकिस्तानपछि भारतको नयाँ नक्साका बारेमा नेपालले जनायो विरोध। ....भारतको नयाँ नक्सामा कालापानीलाई भारतीय क्षेत्रमा सामेल गरिएको बारेमा आपत्ति जनाइएको छ। नयाँ दिल्ली र काठमाडौंका बीचमा सीमा विवादलाई लिएर वार्ता भइरहेको छ।... नेपाल सरकार पूर्ण रूपमा स्पष्ट छ ताकि कालापानी नेपालको हिस्सा हो।

देश सानो होला स्वाभिमान सबै देशका लागि उत्तिकै महान् हुन्छ। यसो भनिरहँदा हामी उत्तेजनामा आएर मात्र समस्याको हल त हुँदैन नै। न त सामाजिक सञ्जालमा एकैछिन आवेशमा आएर मात्रै समाधान हुन्छ। तर, दबाब भने आजको बलियो आधार हो। सञ्जालमा नेपाली जनताका अघि बोल्ने तर सम्बन्धित निकायसम्म ठोस कदम लिएर नजाने हो भने त्यो पनि ढोङ मात्र हुनेछ। नेपालले भारतीय पक्षसँग कूटनीतिक पहलका आधारमा नेपाल-भारत विवाद समाधान गर्न गठित कार्यदलकै मार्फत् पनि दुवै देशको हित हुने दीर्घकालिक समाधान खोजिनुपर्छ। संवाद र वार्तामार्फत् नेपाल-भारत र चीनको त्रिदेशीय सम्बन्ध रहने गरी सीमा विवादलाई टुङ्ग्याउने निर्णायक भूमिकामा नेपालका सरोकारवाला सबै लाग्नु आवश्यक छ। यद्यपि भारतले घुमाइफिराइ त्यस भूमिलाई आफ्नै बनाएको हो भने चीनदेखि संयुक्त राष्ट्र सङ्घसँग पनि न्याय माग्नुपर्ने हुन सक्छ। चीनबाट पनि नेपालका भूमि प्रयोग भएका छन् भने नेपालले पाउनुपर्छ। नेपाल-भारत-चीन तीनवटै देशका सीमाका समस्यालाई दीर्घकालीन समाधान र प्रभावकारी व्यवस्थापन गरिनुपर्छ।

**सन्धिको रहस्य**

इतिहासलाई कोट्याउँदा पाकिस्तान, भारत स्वतन्त्र भएपछि नेपालको जमिन दिनुपर्थ्यो। लगभग २ लाख ६० हजार वर्ग किलोमिटरमध्ये हाल नेपालसँग १ लाख ४७ हजार १ सय ८१ वर्ग किमि मात्र जमिन छ। सन् १९५० को सन्धिको धारा ८ अनुसार भारतले नेपालको ६० हजार हेक्टर जमिन फिर्ता गर्नुपर्ने देखिन्छ। तर, यदि सुगौली सन्धि बमोजिम गर्ने हो भने इतिहासले छिमेकी भारतलाई सदा आदर्शको आँखाले हेर्ने छ।

सम्झँदा दुःख पनि लाग्छ- पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दै बङ्गलादेशको नजिकै टिस्टामा पुऱ्याएका थिए। पश्चिममा काश्मीरसम्म, दक्षिणमा बिहार, देहरादुनसम्म अनि उत्तरमा हिमालय पर्वतसम्म नेपालको भूमि रहेछ। अङ्ग्रेजले भारत, पाकिस्तानसम्ममा उपनिवेश लाद्या तर नेपाली वीरताका अघि कसैको जोर चलेन। तर सन् १९४७ को स्वतन्त्रता प्राप्तिपछि भारतले फिर्ता गर्नुपर्ने जमिनमा नेपालमाथि अन्याय भइरहेको छ।

चीनले हङ्कङ, मकाउ फिर्ता लियो। भारतले गोवा लियो। सन्धिकै आधारमा भारतले भुटनालाई ३२ वर्ग माइल जमिन फिर्ता गर्यो। अनि हामीले चाहिँ कब्जा भएको जमिन माग्दा पनि बेवास्ता हुने!

हाल चर्केको मुद्दा नयाँ पनि होइन। सन् १९५० को सन्धिको धारा १ र ८ मा सुगौली सन्धिमा गुमेको भूमि फिर्ता हुनुपर्ने प्रावधान छ। सन् २०७१ मा पूर्वी पाकिस्तान बङ्गलादेश बन्यो। यस घटनाको साक्षी बेलायत हो भनी भन्न सकिन्छ। संयुक्त राष्ट्र सङ्घमा अनुरोध गर्न सकिन्छ। पत्रकार भैरव रिसालका अनुसार दार्चुला जिल्लाअन्तर्गतको व्यास गाविसमा पर्ने लिपु लेकलाई उहाँ स्वयम्ले वि.सं. २०१८ सालमा नेपाली भूमिकै आधारमा जनगणना गर्नुभएको थियो। २०१७ सालमा लालबहादुर नामका एकजना सुवेदार मुस्ताङमा घुम्न जाँदा चिनियाँ सेनाले गोली हान्यो किनकि चीनले सो भूभागलाई आफ्नो मान्थ्यो। तर तत्कालीन प्रधानमन्त्री बीपी कोइरालाले संसदमा चिनियाँ हर्कतका विरुद्ध कडा प्रतिवाद गरेपछि यो घटनाले अन्तर्राष्ट्रिय चासो बढायो। त्यसपछि चीनले माफी पनि माग्यो र १० हजार क्षतिपूर्ति स्वरूप दियो। तबदेखि चिनियाँ हस्तक्षेप भएन। आजभन्दा ५८ वर्ष पहिला तत्कालीन नापी अधिकृत श्रीदेव शर्मालाई पहिला मुस्ताङ र पछि सर्वेका लागि भनेर कालापानीको तिङ्कर र लिपुलेक पठाउँदा तिङ्करमा भारतीय सेना आएर बसिसकेको देखेर उहाँमा पीडा भएको थियो। त्यतिखेर नै उहाँले तत्कालीन नेपाल सरकारलाई सीमाको विवरण बुझाएको भन्ने बुझिन्छ।

यता नेपाल-चीनको सर्वेमा काङ्ग्रेसका नेता दमननाथ ढुङ्गानासहित तीनजना चिनियाँ कर्मचारी रहनुभएको पढ्न पाइन्छ। सन् १८१६ मा नेपालका पहिलो बेलायती राजदूत र हर्षदेव जोशीले खुट्टाले नापेर लिपुलेकको सीमा छुट्याउनुभएको इतिहास रहेको बुझिन्छ। वि.सं. २०१९ सालमा फेरि पिलर गाड्न भनेर श्रीदेव शर्मा जानुभएको बुझिन्छ। उहाँको समूहद्वारा लिपुलेकमा टोपोग्राफी सर्वे गरी काठको पिलर राखेका थिए। त्यतिखेर ताक्लाकोट क्षेत्रमा नेपालीहरू मात्र भएमोमा अहिले भारतले आफ्नैमा गाभिसकेको देखिन्छ। शर्माका अनुसार चिनियाँ पक्षको नक्सामा अझै पनि लिपुलेक नेपालभित्रै रहेको देखिने बताइएको छ। नेपाली भूमिलाई फिर्ता गर्नुपर्ने कुरा आजको विषय होइनथ्यो। दार्जिलिङले गोर्खा भूमिको माग गर्दा तर्सिने भारत सरकारलाई नेपाली राजनीतिको कमजोरी थाहा छ। भारतसँगको परनिर्भरता पनि थाहा छ। अहिले जतिसुकै ठूलो गर्जन गरे पनि व्यावहारिक कूटनीतिक पहलमा नेपाल कमजोर छ। राजनीतिक खिचातानी र कुर्सी मोहको जालमा राष्ट्रिय समर्पणसँग चिन्ता प्रकट नगरिएकैले नेपाली भूमि भारतको कब्जामा छ।

हामीले नाकाबन्दीका बेला अलिअलि आत्मनिर्भरताको खाँचो महसुस गर्यौं तर सामान्य अवस्था बनिसक्दा सबै बिर्सिसक्यौं। २०४५ सालमा पनि आर्थिक नाकाबन्दी लगाइएका घटना स्मरणीय छन्। मरिचमान सिंह तत्कालीन नेपालका प्रधानमन्त्री रहनु नेपालका लागि भाग्य बनेकै हो। उनको अडानले देशले स्वाभिमानलाई कायम राख्यो। तत्पश्चात् ओली सरकारको समयमा नाकाबन्दी हुनु र ओलीको अडान रहनु पनि सम्माननीय कार्य बन्यो। तर अहिले उस्तै छौं। त्यतिखेर खानी सर्वेक्षण भए। कतै ग्याँस निस्कियो रे, कतै कुनै सम्भावना देखिए, कतै के पत्ता लाग्यो भन्ने खबर नाकाबन्दीका चर्चित र चाखलाग्दा समाचार बन्थे। दाउरा बाल्न तयार भयौं। ग्याँस उत्खनन्का सम्भाव्यता अध्ययन पनि भए। वैकल्पिक ऊर्जा खोज्ने प्रयास भए। विकल्प खोजिए तर जब सामान्य अवस्था भयो सबै बिर्सियौं। हामीमा आत्मनिर्भरताको बोध हुनै सकेन। आज सबै सेलाए। बिर्सिए।

सानो मुलुक। आत्मनिर्भरताको जग बलियो छैन। आखिर भरैभरमा अडिनुपर्दाका पीडामा हामी निचोरिएका छौं। जब गृहकलह बढ्छ तब जोकसैलाई के भयो भन्दै उचाल्ने, पछार्ने गर्न सहज बन्छ। जेजति विश्लेषण गरे पनि आत्मनिर्भरता नहुनु अनि आफै घरभित्र किचलो गरिरहनुमा हाम्रै दोष हो। केही सहयोगको भावना अनि अलिकति स्वार्थको लालचमा हामी छिमेकीसँग लपक्क हुन्छौं। सम्बन्ध जोड्न चाहँदा दायित्व भुल्यौं। यसो भनिरहँदा दोषारोपण भन्दा पनि आफ्नै समझदारीमा आन्तरिक व्यवस्था दह्रो बनाउनु आवश्यक छ। हरेक घरायसी आन्द्राभुँडीलाई च्याउने ठेक्का बोकेको आरोप लगाउने हामीले छिमेकी मुलुकले नेपाल माथि न्याय गरेको देखिँदैन।

नेपाल परिमाणका हिसाबले विश्व मानचित्रमा सानो देखिए पनि कुनै पनि देशको राष्ट्रियता, वीरता, बौद्धिकता वा गरिमा जहिल्यै उचो हुन्छ। हामीले हाम्रो भूमि र स्वाभिमान रक्षाका लागि प्रभावकारी सम्झौता गर्नु आवश्यक छ। गोविन्द गौतमजस्ता हाम्रा नेपालीलाई मारिन्छ, कति अत्याचार गरिन्छ! यहाँ देशले सहिद घोषणा त गर्यो तर त्यस्ता ज्यानमारालाई कस्तो सजाय भयो त? नेपालीले थाहा पाउनु पर्दैन र! देश सानो होला तर देशको राष्ट्रियता र गौरव कदापि सानो हुन सक्दैन। यस्तो संवेदनशील विषयमा हामीभित्रै राजनीतिक स्वार्थ र सत्ता लिप्साको पोको बोकेर दम्भको बुइ चढ्न थाल्यौं भने त्यो खोक्रो राष्ट्रवाद हुनेछ। हामी आफू आफ्ना कुरामा सबल बन्न नसक्दा अपमानित बन्छौं।

रगतको खोलो बगाएर नरसंहार गर्ने मूर्खतालाई पनि छोडौं। सहमति, सहकार्य र शान्तिपूर्ण समाधानमुखी न्यायको बाटोबाट सीमा क्षेत्रका हरेक विषयमा दीर्घकालीन कूटनीतिक आधार खोजौं। कसैको भूभागमाथि कसैले नियतवस र्याल काढ्नु, हडप्नु पनि त अत्याचार नै हुन्छ। यसर्थ सीमा क्षेत्रको सुरक्षा र स्वाधीनताको रक्षा गर्न सधैं किचलो बनाइरहने, बल्झाइरहने समस्याका उपायका बारेमा नेपालका सम्बन्धित जानकारसँग पनि उपाय खोजिनुपर्छ। नेपालले आत्मनिर्भरताका लागि ठोस कदम पनि चाल्नुपर्छ।

*(लेखक आदर्श बहुमुखी क्याम्पस, धादिङमा प्राध्यापनरत छन्।, रातोपाटीबाट)*


## डिभिजन बन कार्यालय चितवनको अनुरोध

- **गैंडा, बाघलगायत संकटापन्न बन्य जन्तु, बन/बनस्पति र वासस्थानको संरक्षण र व्यवस्थापनमा ध्यान दिउँ, जैविक विविधताको संरक्षण गरौं।**
- **कानूनबाट निषेध गरिएका बन्यजन्तुका अखेटो, पहार (हाड, छाला, दाँत, सिङ, पुच्छर) जस्ता चिज वा सो बाट बनेका बस्तुहरुको प्रयोग नगरौं।**
- **बनमा पिकनिक खाई जथाभावी आगो नछोडौं, सानो आगोको झिल्कोले अमूल्य बन र बन्यजन्तुको नोक्सान पुऱ्याउन सक्छ।**
- **यस समयमा प्रत्येक सा. बनहरुले कार्य योजना उल्लेख भए बमोजिम बनको उचित किसिमले बन व्यवस्थापनका कार्यहरु गरौं।**
- **कानूनले वञ्चित गरेका बन पैदावारहरु बिना इजाजत आफू खुशी प्रयोग नगरौं, प्रयोग भएको पाइएमा तुरुन्त जि.व.का. मा खबर गरौं।**
- **बन्यजन्तु बन क्षेत्रबाट बाहिर निस्कि कसैको क्षति पुऱ्याउन लागेमा तुरुन्त डिभिजन बन कार्यालय चितवनको फोन नं. ०५६- ५२०२१५ वा प्रहरी कार्यालय १०० मा खबर गरौं।**


# इतिहास सम्झेर फोटो खिचाउँछन् पर्यटक

काठमाडौं। विसं २०७२ को भूकम्पका कारण क्षतिग्रस्त गोरखा दरबार निर्माणकै क्रममा छ। सँगै रहेको गोरखकाली मन्दिरलाई भूकम्पले क्षति पुऱ्याए पनि सँगै जोडिएको दरबारको निर्माण भइरहेका कारण यसको निर्माण भने थालिएको छैन। दरबारको निर्माण कार्य जारी रहेका कारण निर्माण सामग्री पनि यत्रतत्र छरिएका छन्।

यस्तो अवस्थामा पनि गोरखा दरबार क्षेत्र र यहाँस्थित गोरखकाली मन्दिर दर्शन गर्न आउने दर्शनार्थी र पर्यटकको सङ्ख्या भने घटेको छैन। भूकम्पले क्षतिग्रस्त भए पनि ठूलो आस्था एवं विश्वासका कारण गोरखकाली मन्दिरमा दर्शनार्थी आउने क्रममा कुनै कमी नआएको मन्दिरका पुरोहित हरिबाबु अर्यालले जानकारी दिनुभयो। उहाँका अनुसार कालिका मन्दिरको दर्शन गरेमा मनोकाङ्क्षा पूरा हुने विश्वासका साथ देशका विभिन्न स्थानबाट दर्शनार्थी आउने गरेका छन्।

बिहान १० देखि दिउँसो ३ बजेसम्म पूजाआजा हुने यस मन्दिरमा विशेषगरी बडादशैं र चैतेदशैंमा विशेष पूजा गरिन्छ। नेपालको गौरवशाली इतिहासको शुरुआत गोरखा दरबारबाटै भएका कारण देशका विभिन्न स्थानबाट दिनानुदिन पर्यटक आउने गरेको गोरखा दरबार हेरचाह अड्डाका सूचना अधिकारी रामेश्वर कट्टेलले जानकारी दिनुभयो। भूकम्पले यहाँका धेरै संरचना क्षतिग्रस्त भए पनि गोरखकाली मन्दिरप्रतिको आस्था र नेपालको गरिमामय इतिहासको शुरुआत भएको ठाउँ भन्दै पर्यटक आउने गरेको उहाँले बताउनुभयो।

नेपाली इतिहासमा गौरव गर्ने स्थानका रूपमा गोरखा दरबार रहेका कारण एक पटक यो ठाउँ पुगौं भन्ने अभिलाषाका साथ आफू गोरखा दरबार आइपुगेको त्यहाँ भेटिनुभएका नेपालगञ्ज खजुराका श्यामप्रसाद पन्तले बताउनुभयो। पृथ्वीनारायण शाहकालीन इतिहासलाई पछिल्लो पुस्तासम्म पुऱ्याउने उद्देश्यका साथ गोरखकाली मन्दिर परिसरमा तत्कालीन पोसाक र हातहतियारसहित खटिएका सुरक्षाकर्मी देख्दा आफूलाई छुट्टै गौरवको अनुभूति भएको उहाँले बताउनुभयो।

चिटिक्क कालो दौरासुरुवालमा सजिएका सुरक्षाकर्मी, कम्मरमा खुकुरी, टाउकोमा चाँदतोडा, हातमा भरुवा बन्दुक कति सुहाएको, उहाँले थप्नुभयो, साथीभाइ, इष्टमित्र सबैलाई देखाउनका लागि भने पनि उनीहरूसँग सँगै बसेर फोटो खिचाएँ, फेसबुकमा पनि पोष्ट गर्छु। राजा पृथ्वीनारायण शाहले यही दरबारबाट सिङ्गो नेपालको परिकल्पना गर्नुभएका कारण पनि यो ठाउँको आफ्नै महत्व रहेको उहाँले बताउनुभयो।

पन्त जस्तै पृथ्वीनारायण शाहकालीन पोसाकमा सजिएका सुरक्षाकर्मीसँग यहाँ आउने जो कोहीले फोटो खिचाउने गरेका छन्। पृथ्वीनारायणकालीन पोसाक र हातहतियारसहितका सुरक्षाकर्मी गोरखा दरबारको अर्को आकर्षण बनेको छ। तत्कालीन समयको पोसाकसहितका सुरक्षाकर्मी राखेका कारण यहाँ आउने पर्यटकलाई नेपाल एकीकरणको इतिहासबारे जानकारी लिन र त्यसको केही मात्रामा भने पनि अनुभूति गर्न अझै सहज हुने विश्वास लिइएको गोखरा दरबार हेरचा अड्डाका सूचना अधिकारी कट्टेलले जानकारी दिनुभयो।

नेपाल एकीकरणका क्रममा सेनाको बहादुरीले वीर गोर्खाली भनेर देश-विदेशमा परिचित गराएको बताउँदै कट्टेलले तत्कालीन समयको पोसाकमा सेना राखिनुले इतिहाससमेत जीवन्त हुने उल्लेख गर्नुभयो। गोरखा भूकम्प र त्यसपछिका पराकम्पनका कारण क्षतिग्रस्त गोरखा दरबार यतिखेर पुनःनिर्माणको क्रममा छ। गोरखाका तत्कालीन राजा राम शाहको पालामा विसं १६८६ मा बनेको ऐतिहासिक गोरखा दरबार भूकम्पले ध्वस्त भएको थियो। करिब चार सय वर्ष पुरानो यो दरबार क्षतिग्रस्त भएका कारण जगदेखि नै पुनःनिर्माण कार्य अघि बढाइएको हो।

गोरखा दरबार हेरचाह अड्डाका प्रमुख हरिप्रसाद भुसालका अनुसार पुरातात्विक महत्वको दरबारको इतिहास, गरिमा र महत्वलाई दृष्टिगत गरी यसको प्राचीनस्वरूप र आकर्षणलाई कायम राख्दै पुरानै स्वरूपमा पुनःनिर्माण गर्न लागिएको छ।

दरबार क्षेत्रस्थित गोरखानाथ मन्दिर, श्रीविद्या मन्दिर, चौघेरा दरबार, दमाइँ पाटीलगायतका स्थान भने मर्मत भइसकेको छ। निर्माण सामग्री राख्ने स्थान अभाव आदिका कारण दरबारसँगै रहेको कालिका मन्दिरको पुनःनिर्माण शुरु हुन नसकेको र दरबारको पुनःनिर्माण सम्पन्न भएसँगै मन्दिरको पुनःनिर्माण अघि बढाइनेछ।

भूकम्पले यहाँस्थित पशुपति मन्दिर, गुह्येश्वरी मन्दिर, विद्या मन्दिर, पृथ्वीपति शाहको पालामा बनेको चौघेरा दरबार, शीतलपाटी, गोरखनाथका नगर्चीले नगरा बजाउने दमाइँपाटी, बडादशैंमा पुरोहितलाई वरणी 'निम्ता' दिने पण्डितपाटीलगायतका संरचनामा क्षति पुऱ्याएका कारण केहीको निर्माण गरिसकिएको छ भने केही निर्माणका क्रममा छन्।

झण्डै पाँच सयभन्दा बढी हेक्टर क्षेत्रफलमा फैलिएको गोरखा दरबार क्षेत्रका सांस्कृतिक एवं ऐतिहासिक संरचना भूकम्पका कारण क्षतिग्रस्त भएका कारण यिनीहरूको पुनःनिर्माण कार्य क्रमिकरूपमा बढिरहेको प्रमुख भुसालले जानकारी दिनुभयो। गोरखा दरबारसँगै गोरखा राज्यका इतिहासका हरेक पक्ष राखिएको गोरखा सङ्ग्रहालय पनि यहाँको अर्को आकर्षण हो। सङ्ग्रहालय गोरखा दरबार रहेको डाँडाको फेदीमा पर्दछ।

सङ्ग्रहालयको मुख्य प्रवेशद्वारमा सजाइएका सन् १७९२ मा निर्मित दुई तोपमा फोटो खिचाउन पर्यटक लालायित हुने गरेका छन्। सङ्ग्रहालयभित्र राखिएका गोरखाका शाह राजाहरूको परिचयात्मक कक्ष, जन्मकुण्डली कक्ष, हातहतियार कक्ष, पुष्पिका वाक्य कक्ष, धार्मिक तथा आर्थिक कक्ष आदिले पर्यटकलाई लोभ्याउने गरेको छ।

त्यस्तै सङ्ग्रहालयमा रहेका कलात्मक भाँडावर्तन कक्ष, लिच्छवी चैत्य कक्ष, धार्मिक बाजा कक्ष, बगैंचा आदिले पर्यटकलाई लोभ्याउने गरेको छ। सङ्ग्रहालयमा आउने पर्यटकमध्ये विदेशीका लागि रु १००, नेपाली सर्वसाधारणका लागि रु २५ र विद्यार्थीका लागि रु १० प्रवेश शुल्क निर्धारण गरिएको कर्मचारी कोपिला देवकोटाले जानकारी दिनुभयो।

# जुठो भाँडा माझ्नेदेखि सफल व्यवसायीसम्म

## हिमाल श्रेष्ठ,महासचिव, फास्टफुड एसोसियसन नेपाल

जीवनलाई सफल बनाउनको लागि आँट र अठोट चाहिन्छ । जीवनमा सफल बन्नको लागि दुःखको पहाड भत्काउने सहास गर्नुपर्छ । लक्ष्य र अठोटलाई आत्मसाथ गर्ने व्यक्ति मात्र सफल हुने गर्छ । निरन्तर संघर्षले नै जीवनलाई सफलताको गोरेटोमा डोहोर्याउने गर्छ । जीवनमा सुख-दुःख चलिरहने प्रक्रिया हो । संघर्षको पहाड चढन सहज छैन् ।

पहाडको टुप्पोमा पुग्न निकै कठिनाई र सांस्ती झेल्नु पर्छ । तर शिखरमा पुगेपछि त्यसको आनन्दको बयान गर्न सकिन्न । जीवनलाई सफल बनाउन मेहनत, इमान्दारीता र आँट हुनुपर्छ । मानिसहरु जीवनमा केही पनि गर्न सकिएन । केही पनि भएन भनेर भौतारिने गर्छन ।

सफलताको लागि योजना र लक्ष्य पहिलो शर्त हो । लक्ष्यले प्राप्तिको लागि लाग्नेहरु सफल हुन्छन । छिट्टै धनी बन्ने सपना लिएर विदेशी नेपालीहरुको संख्या लाखौ छ । तर नेपालमै बसेर पनि केही गर्न सकिन्छ भन्ने उदाहरण पेश गर्न सफल भएका हिमाल श्रेष्ठले ।

रामेछाप जिल्ला साबिकको पकरवास गाविस-६ हाल खाँडादेवी गाउँपालिका पकरवास फुल्पा वेसींटोल रमाईलो वस्तीमा आमा विष्णुमाया श्रेष्ठ र बुबा जगतबहादुर श्रेष्ठको कोखबाट २०४१ साल असार २९ गते जन्मिएका श्रेष्ठ मध्यम वर्गीय परिवारमा हुर्किए । गाउँकै प्रयागेश्वर माविबाट २०५८ सालमा एएएसलसी दिएपछि लाहुरे हुने हुटहुटी चलेपछि घरबाट भागेर लाहुरे बन्ने सपना सहित काठमाडौं प्रवेश गरेको श्रेष्ठ बताउछन् ।

गाउँघरमा मेलपात, बस्तुभाउ चराउनु भन्दा शहर गएर पैसा कमाउने सपना बटुल्दै श्रेष्ठले गाउँकै हरि कार्कीसँग पाँच सय रुपैयाँ लिएर काठमाडौं आएका थिए । जीवन भोगाई हो । भोग्नु पर्छ, भन्ने मान्यता सहित काठमाडौं आएका श्रेष्ठले सुरुमा होटलमा भाँडा माझ्ने काम गरे ।

गाउँमा सामान्य काम गरेका उनलाई दैनिक रुपमा जुठो भाँडा माझ्नु निकै कठिन र पीडादायिक भयो । यतिसम्म कि दस/पन्ध्र दिनपछि हातको औंला सबै पाक्यो । त्यति बेला माया गर्ने कोही पनि भएनन् । होटलमा भाँडा मात्र होइन, कुकहरुको कपडा समेत धुनु पर्दथ्यो, उनी सम्झन्छन् । खाना बस्न त होटलले दिएको थियो । तर रातदिन भाँडा माझ्दा हात सबै पाकेपछि श्रेष्ठले घर सम्झिए । आमा बुबा सम्झिए । जाडोको महिनामा थियो, बिहानदेखि बुलकीसम्म भाँडा माझ्दा सात्तो गयो, उनले भने । एक महिनापछि पाँच सय कमाएर उनी गाउँ फर्किए । तर गाउँ फर्किए पनि केही दिनको बसाईपछि पुनः काठमाडौं गएर केही नै केही गरेरै छोडने अठोट व्यक्त गरेर आएको उनी बताउछन् ।

सुरुमा काठमाडौं आउदा घरपरिवार भित्रैको आफन्त कोही पनि थिएन । सुरुमा ताराराम श्रेष्ठको घरमा बसे, सात दिन बसेपछि विष्णु श्रेष्ठको रेष्टुरेन्टमा काम गरेको हिमाल श्रेष्ठ बताउछन् । दोस्रो पटक काठमाडौं फर्किएपछि योङ हाट तन्तुरी किचेन सिनामगंलमा काम थाले । सुरुमा ८ सय रुपैयाँमा वेटरमा काम सुरु गरे । काम कठिन थियो । तर पनि दुःख विर्सिएर काममा ध्यान दिए । निरन्तर रुपमा एउटै होलटमा ९ बर्षसम्म काम गर्दा ८ सयबाट सुरु गरेको कामको तलब नौ बर्षको अवधिमा पन्ध्र सय रुपैयाँसम्म पुग्यो, उनले भने ।

दुःखको पहाड भत्काउने काम त ठिकै हो मनमनै सम्झिन्थे । तर कहिलेसम्म वेटर भएरै बस्ने भन्ने मनमा अनेक कुरा खेल्न थालेपछि आफ्नै मन पनि दोमन भएको बताउदै जीवनमा केही गर्नुपर्छ भन्ने सोच पलाउदै गएको उनी सम्झिन्छन् ।

८ सय तलब खादै गर्दा मैले कति बर्षमा कति कमाउछु होला ? भनेर राती सुत्ने बेलामा हिसाब किताब गर्थे । वीस बर्षमा कति कमाउछु होला ? मैले जग्गा कहिले किन्छु ? घर कहिले बनाउछु ? गाडी कहिले चढछु ? यस्ता अनगिन्ती प्रश्न मनमा हरदम आइनै रहन्थ्यो, श्रेष्ठले भने ।

ग्राहकहरुसँग हाँसेर बोल्थे, सकेसम्म एक पटक आउने आग्रकहरुको अर्को पटक आउदा नाम भनेरै बोलाउथे, श्रेष्ठ भन्छन,'योङ हट होइन एकान्तकुना र कलंकीदेखि हिमाल भाई भनेर आउथे ।' तलब भन्दा पनि टिप्सबाट राम्रो कमाइ हुन्थ्यो, हिमाल सम्झछन,'कुनै दिन दस हजार भन्दा बढी टिप्स कमाए । तलबको मतलब थिएन । ग्राहहरुले जाने बेलामा हिमाल भनेर खोजेरै पैसा दिन्थे । नौ बर्ष काम गर्दा उनी रेष्टरेन्टको क्याप्टेन पनि बने ।

भगवानले त आँट म पुर्याउछु भन्छन भन्ने भनाईलाई आत्मसाथ गर्दै नौ बर्षसम्म सिकेको सीप र अनुभवलाई सम्पत्ती बनाउदै आफै केही गर्ने अठोट सहित श्रेष्ठले तीनकुनेस्थित ए वान क्याफे सञ्चालन गर्न कम्मर कसे । सानैदखि जाँड रक्सी चुरोड बिडीको कुलतमा कहिल्यै नफसेको बताउदै श्रेष्ठले भने,'समाजमा मैले नमूना बनेर देखाउनु पर्छ, समाजमा सामाजिक काम गरेर समाज परिवर्तनको कामको थालनी गनुपर्छ भन्ने हृदयबाट नै थियो र अहिले पनि छ ।'

कमाएको बचाउने बानी सानैदेखि नै थियो । जीवनमा केही गर्नु छ भनेर पैसा जमाए पनि इच्छा लागेको खान र लगाउने मन गरेनन् । काठमाडौंमा कति हिऊद कठाङग्रिदो जाडोमा पनि ज्याकेट बिना नै काम गरे,श्रेष्ठ भन्छन् । डिल्लीबजारमा कोठा लिएको थियो, कृष्ण दाई र म सँगै बस्थ्यौ, मैले कमाएको जमाइदिने महत्वपूर्ण पात्र उनै कृष्ण दाई हो, हिमालले स्मरण गरे,'कृष्ण दाई ठमेलमा काम गनुहुन्थ्यो । म योङ हटमा काम गर्थे, कमाएको पैसा सबै कृष्ण दाइलाई नै राख्न दिन्थे, त्यतिबेला म साइकल चलाउने, बाटोमा साइकल पन्चर भयो, साथमा एक रुपैयाँ पनि थिएन, साइकल ठेलेरै कोठा पुर्याए ।'

कुनै दिन टिप्स पाँच हजार कमाई हुँदा सुन तोलाको पाँच हजार रुपैयाँ थियो, सानैदेखि सुनको औंठी लगाउने रहर थियो, तर मनमनै सोचे, पैसा जोगाउनु पर्छ, सुन भनेको त विस्तारै किनेपनि हुन्छ भन्दाभन्दै सुन तोलाको नौ हजार पुग्यो, उनले स्मरण गर्दै भने,पाँच हजार तोला भएदेखि सुन किन्छु भनेको थिए, विवाह गर्ने बेलामा ५६ हजार तोलामा सुन किने ।'

कोही पढेर जान्ने हुन्छन । कोही परेर जान्ने हुन्छन । दैनिक वीस हजार रुपैयाँको कारोबार गर्दा पनि एक्लै वेटर भएर काम गरेको बताउदै नौ बर्ष काम गरेपछि जस्तो पनि काम गर्न सकिन्छ भन्ने आत्मविश्वास जागेको उनले बताए ।

योङ हटकै साहुहरुसँग सहकार्य गरेर पाँच जना आबद्ध भएर वे वान क्याफे नाम राखेर पहिलो पटक तीनकुनेमा सुरु गरेको उनले बताए । श्रेष्ठले व्यवसायमा सफल बनाउनको लागि राजु श्रेष्ठको पनि मुख्य हात रहेको बताउछन् । उनी भन्छन,'म यो ठाउँसम्म आइपुग्नको लागि राजु श्रेष्ठको निकै ठूलो साथ र सहयोग छ ।'



श्रेष्ठले आर्मी हुने सपना पनि देखे । त्यसको लागि तयारी पनि गरे । आर्मीमा भर्ना हुनको लागि ५२ किलो हुनुपर्ने थियो । तर उनी त्यति बेला ४८ किलो मात्रै थिए । मेरो काकाले केरा खाएपछि तौल बढ्छ बाँकी म मिलाउला भन्नुभएको थियो आएर एक काइयो केरा खाएको पखाला लागेर छ दिन पूरै बिरामी परे', उनले भने,'मसँगैको साथी पास भएर आर्मी भए । तर पनि आज म आफ्नो ठाउँमा सफल भएको छु ।'

हामी जसरी विद्यालयमा पढ्छौं, त्यसैगरी हरेक ठाउँमा पनि काम सिक्नु पर्ने श्रेष्ठको अनुभव छ । उनी भन्छन,'चाहे नाङलोमा पसल गर्ने हो भने पनि आफ्नो गरौ, एक्लै कमाउने भन्दा पनि सामुहिकताबाट राम्रो आम्दानी गर्न सकिन्छ भन्ने मान्यता राख्नु पर्छ ए वान क्याफे पनि सामुहिकताबाट हुन्छ भन्ने एउटा उदाहरण हो ।'

रेष्टुरेन्ट खोल्दै गइयो, दुःख गरेर काम सिकायो, जान्ने भयो कि विदेश जाने अवस्था सृजना हुँदा कामदार उत्पादन गर्न नै निकै कठिन भएपनि अहिले कामदारलाई नै साहुजी बनाउने अभियान सुरु गरेको श्रेष्ठ बताउछन् । तलब पनि हुन्छ, शेयर पनि हुन्छ । न्युनतम पाँच हजार खान बस्न, ड्रेस सहितको सुविधा, एक रुपैयाँ पनि खर्च हुँदैन । दस प्रतिशत ग्राहकबाट स्टाफहरुलाई जान्छ । रोएल ए वानमा हामीले कर्मचारीको सञ्चय कोष सहितको व्यवस्था गरेका छौ, उनले भने ।

हरेक काममा मुख्य कुरा इमान्दारीता हुनुपर्नेमा जोड दिदै श्रेष्ठले पैसा हुने तर जाँगर नहुने व्यक्तिहरुलाई आफूहरुको समुहमा समावेश नगरिएको बताए । हाल ए वान क्याफेमा मात्र एक सय जना पाटर्नर रहेका छन् । राजधानीमा ए वान नै भनेर खोलेको सात वटा छ भने रोयल ए वान इन्भेष्टद्धारा सञ्चालिन १५ वटा रेष्टुरेन्ट रहेका छन् ।

२०६१ सालमा ताराराम श्रेष्ठको अध्यक्षमा फाष्टफुड एसोसियसन नेपाल विधिवत रुपमा दर्ता गरेर नै व्यवसायीहरुले आफ्नो हक हितको लागि सरकारलाई घचघच्याउने काम गर्दै आएका छन् । हाल एसोसियसनमा १ सय ५० वटा रेष्टरेन्ट दर्ता छन् । हिमाल श्रेष्ठ फाष्टफुड एसोसियसन नेपालका महासचिव समेत हुन् ।

सुरुको चरणमा व्यवसाय सहज भएपनि अहिले चुनौती थपिदै गएको उनको अनुभव छ । घरबेटीले घरभाडा महंगो भन्ने, प्रहरी प्रशासनले दुःख दिने, राजनीतिक दलहरुको चन्दा आतङ्क मच्चकाउने,, ट्यापे मुन्द्रको दादागिरीले अचाक्ली रहेको कारण दिनप्रतिदिन चुनौती थपिदै गएको उनी बताउछन् ।

उनले अब महासचिवबाट फास्टफुष्ट एसोसियसनको अध्यक्ष हुने लक्ष्य राखेका छन् । व्यक्तिगत रुपमा गाउँमा पनि सडक निर्माण कार्यदेखि लिएर सामाजिक कार्यमा लगानी गर्दै आएका श्रेष्ठले आफूलाई समाजसेवीको रुपमा समेत पहिचान बनाएका छन् । १५ किलो मिटर सडक आफ्नो नेतृत्वमा खनिएको बताउदै उनले विगतमा गाउँमा नाटक निकाल्ने, भलिवल प्रतियोगीताको काम गर्ने गरेको बताए ।

हिमाल श्रेष्ठकी श्रीमती मखमली श्रेष्ठ हाल खाँडादेवी गाउँपालिकाकी उपाध्यक्ष छिन । पार्टीसँगै आफूले समाजमा खेलेको भूमिकाले पनि श्रीमतीलाई राम्रो मत आएको उनको अनुभव छ ।

उनले आफू जन्मिएको रमाइलो वस्तीलाई नमूना बस्तीको रुपमा विकास गर्ने योजना अगाडि सारेका छन् । वेसीं टोलमा रहेको रमाइलो वस्तीमा हाल ७० घरपरिवार छ । त्यस मध्ये ३८ घरपरिवारलाई एकीकृत वस्तीको रुपमा विकास गर्ने योजना श्रेष्ठले बनाएका छन् । जीवनलाई सफल बनाउको लागि मेहनत, इमान्दारीता र आँट हुनुपर्ने श्रेष्ठको बुझाई छ ।

*(रामेछाप पोष्टबाट)*

# एडिबीको सहुलियत ऋण सहयोगमा भीमदत्तमा तीन अर्बका योजना

भिमदत्त । एशियाली विकास बैंक (एडिबी) को सहुलियत ऋण सहयोगमा भीमदत्त नगरपालिमा रु तीन अर्बका विकास निर्माणका योजना छनोट गरिएका छन् ।

नगरपालिकामा पूर्वाधार निर्माण र संस्थागत सुदृढीकरणका लागि क्षेत्रीय शहरी विकास आयोजनाअन्तर्गत विकास निर्माणका योजना कार्यान्वयनमा ल्याइन लागेको हो । नगरपालिकामा आयोजनाअन्तर्गत ढल विकास, शहरी सडक निर्माण र फोहर व्यवस्थापन प्रणाली सुधारका लागि एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र निर्माणका योजना छनोट गरिएका छन् । आयोजनाअन्तर्गत भीमदत्तमा सञ्चालन हुने योजनामा तीन अर्ब रकम खर्च हुनेछ ।


शहरी सडक निर्माणअन्तर्गत ३६ दशमलव छ किलोमिटर नालीसहित पक्की सडक निर्माण हुने योजना छ । नगरपालिकामा शहरी सडकको ३६ दशमलव छ किलोमिटरमध्ये पहिलो चरणमा १३ दशमलव ८५ किलोमिटर सडक निर्माणका लागि ठेक्का आह्वान गरिएको छ । नगरपालिकाको मुख्य बजार क्षेत्रका सबै गल्लीका सडक निर्माणका लागि गत महिना रु एक अर्ब ७६ करोडको ठेक्का आह्वान गरिएको थियो ।

सर्वदलीय सर्वपक्षीय बैठकमा आयोजनाअन्तर्गत छनोट गरिएका सबै योजना सफल बनाउन सबै दलहरु एक भएर जाने निर्णयसमेत गरिएको नगरप्रमुख सुरेन्द्र विष्टले बताउनुभयो । नगरपालिकासहित सुदूरपश्चिम प्रदेशका धनगढी उपमहानगरपालिका, गोदावरी नगरपालिका र शुक्लाफाँटा नगरपालिकामा क्षेत्रीय शहरी विकास आयोजना सञ्चालनमा रहेको छ । आयोजना लागू भएका चार नगरपालिकाको कूल लागत २१ करोड ४० लाख अमेरीकी डलर रहेको छ ।

सरकारले आयोजनामा लगानी गर्न एडिबीको साधारण पूँजीगत स्रोतबाट शर्तहरु बमोजिम विभिन्न मुद्रामा १५ करोड अमेरिकी डलर बराबरको सहुलियत ऋण लिएको छ । यस ऋणको अवधि आठ वर्षको ग्रेस अवधिसहित ३२ वर्षको हुनेछ । यसैगरी ऋणको वार्षिक ब्याजदर ग्रेस अवधिभर एक प्रतिशत र त्यसपछि एक दशमलव पाँच प्रतिशत रहनेछ ।

# बढी मात्रामा जाडो याममा "डिप्रेसन" हुन्छ किन ?

## सुरेश कुमार अधिकारी 'मित्र'



जाडोको समय अर्थात याममा बढी मात्रामा डिप्रेसन हुनुको कारण धेरै छन् । स्वास्थ्य हुनका लागि धेरै कुराको ख्याल गर्नु जरुरी छ । नियमित व्यायाम, पोषणयुक्त खाना लगायतका कार्यहरु गर्दा पनि हामी स्वास्थ्य रहेको दावा गर्न सक्दैनौ । स्वस्थ्य रहनकालागि हाम्रो मष्तिस्क पनि शरीरसँग सम्बन्धीत भएकोले राम्ररी काम गरेको हुनु पर्दछ । धेरैजसो रोगहरु साइकेसेमोलि हुन्छ । तपाईको मनको नकारात्मक सोचका कारणले पनि रोग लागिरहेको हुन्छ । तपाईको शरीरमा कुनै रोग छैन तर तपाइको मन बिरामी हुन सक्छ । जसले गर्दा तन बिरामी भइरहेको छ भन्ने सोच हुनसक्छ । यदी मन खराब छ भने शरीरमा यसको कुनै प्रभाव देखिँदैन । मन र तन फरक कुरा हुन् । यो जान्न जरुरी छ । मनमा धेरै कुरा खेल्न थाल्यो भने त्यसले शरीरमा एउटा तरङ्ग पैदा गर्दछ र सोच अनुसारको हर्मोन उत्पादन हुन्छ ।

यसर्थ ज्वरोको समयमा डिप्रेशन हुनु एक मानसिक समस्याको रुपमा देखिएको छ । डिप्रेशन हुनुमा यसका अनेकौं कारणहरु हुनसक्छन् । यदि तपाई जाडो याममा वा अन्य मौसमको अपेक्षा आलस्य, थकानका साथै उदासिपन महशुस गर्नु हुन्छ भने तर्पा सिजनल इफेक्टिभ डिसअर्डरकै समस्याबाट पीडित हुनुहुन्छ । जसको मौसममा प्राय गरी दिउँसो सूर्यको प्रकाश कमै पाइन्छ अर्थात् घामै लाग्दैन । यस्तो अवस्थामा हाम्रो मस्तिष्कमा रहेको सेरोटोमिन नामक रसायन तत्व प्रभावित हुन्छ । जसले गर्दा हाम्रो मुड विनाकारण त्यै पनि रिस उठ्ने हुनसक्छ । यसरी बराबर मुडअफ भइरहने अवस्थाले हामीलाई डिप्रेशनको शिकार बनाउन सक्छ ।

सिजनल इफेक्टिभ डिसअर्डरको बारेमा सन १९८० को दशकमा पनि यो रोग प्रभावित भएको पाइन्छ । यसको कारण शरीरले पूर्णरुपमा सूर्यको तापक्रम पाउनु वा पाउन नसक्नु वा त्यसखालको सेवा प्राप्त नहुनु हो भन्ने बुझिन्छ ।

जाडोको याम शुरु हुने वित्तिकै घामको तापक्रम कम हुने कारणबाट बढी डिप्रेशन हुने भएकोले जाडोयाममा घाममा बस्नुपर्छ भनिएको हो । संसारमा यस्ता देश पनि छन् । जसको केही ठाउँमा छ महिना दिन र ६ महिना रात पर्ने गर्दछ । त्यस्तो देशमा जाडोको समयमा डिप्रेशन हुनेको संख्या बढी भएको तथ्यांकले बताउँछ । धेरै डिप्रेशनमा परेका मानिसले आफ्नो शरीरलाई आत्मदाहदेखि आत्महत्या सम्म गरेको पाइन्छ । डिप्रेशन हुने देशहरुमा नर्वे, रसियाको नर्थपोल, डेनमार्क फिनलेण्ड, स्वीडेनको भागहरुमा घाम कम देखिने भएकोले नै यो रोग बढेको विज्ञहरु बताउँछन् ।

यो रोगको लक्षणहरु थकान, काममा मन नजानु, नकारात्मक विचारहरु बारम्बार आइरहनु, निन्द्रा नलाग्नु वा चाहिने भन्दा बढी निन्द्रा लाग्नु, भोक लागेको जस्तो हुनु तर त्यति रुची नहुनु यी डिप्रेशनका लक्षणहरु हुन् ।

तसर्थ तातो लुगा लगाउने, तातो खानेकुरा खाने, घाम ताप्ने, आगो ताप्ने, झोलिलो खानेकुरा खाने र शरीरलाई व्यायाम गराई राखेको खण्डमा डिप्रेशनबाट बच्न सकिन्छ । भिटामिन डी हरियो सागपात खाने । जाडो महिनामा नुहाउँदा मनतातो पानीले नुहाउने र सुप खाने गर्नुपर्दछ । यो रोगको उपचार लाइट थेरापी अन्तर्गत २ प्रकारले गरिन्छ ।

# सांसद् बहादुरसिंह लामाद्धारा विद्यार्थीलाई सहयोग

काठमाडौं । प्रतिनिधिसभा सांसद् एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य बहादुरसिंह लामाले आफ्नो चुनावी क्षेत्रमा पर्ने नुवाकोटको विभिन्न विद्यालयमा आईतबार शैक्षिक सामग्रीका साथै न्यानो कपडा वितरण गरेका छन् ।

बेलकोट नगरपालिका वडा नं. ९ मा अवस्थित शिलासीता प्रा.वि., करुणाकर आधारभूत विद्यालय र महामाया माविमा सो सामग्री वितरण गरिएको हो । सामग्री ३ सय ९५ जना विद्यार्थीलाई वितरण गरिएको थियो ।




'जनताले तिरेको करबाट प्राप्त सुविधा जनतालाई नै फिर्ता गर्ने उद्देश्यले मैले शैक्षिक क्षेत्रमा टेवा पुर्याउन यो अभियान थालेको हुँ', सांसद् लामाले आफ्नो मन्तव्य राख्दै भने, 'विपन्न विद्यार्थीहरु नाङ्गै स्कूल जान नपरोस् भन्ने मेरो ध्येय हो ।' उनले अबका दिनहरुमा आफ्नो चुनावी क्षेत्रबाहेक नुवाकोटको विभिन्न स्थानमा पनि यसैगरी विद्यार्थीहरुलाई सामग्री उपलब्ध गराईदिने वचनबद्धता गरेका छन् । शुन्य सहनशीलताको नाममा विकास बजेटमा गिद्धे नजर लगाइरहेका जनप्रतिनिधिहरुको भीडमा लामाले संसद सचिवालयबाट पाइरहेको तलब भत्ता प्रारम्भदेखि नै सामाजिक काममा लगाइरहेका छन् । बिशेष गरि सामुदायिक विद्यालयका विद्यार्थीलाई पोशाक र शैक्षिक सामग्री वितरण गर्ने गरेका छन् ।

कार्यक्रममा नेपाली कांग्रेसका स्थानीय नेता यादव नेपाल, पार्टीका जिल्ला महिला विभाग प्रमुख हीरा पाण्डे, दुई पिपल गाविसका पूर्वअध्यक्ष ईन्द्र लामा र विद्यार्थी नेता जयराम दाहालले आ-आफ्नो मन्तव्य राखेका थिए ।

# मेरा जिन्दगीका अनुभवहरु-१८

**नेपालको परिवेश**

नेपाल आदिकालदेखि नै कसैको स्वामित्व वा संरक्षणमा नरहेको स्वतन्त्र राज्य हो। नेपाल तराई, पहाड, हिमाल शंखलामा अवस्थित छ। यहाँका कोशी, गण्डकी, कर्णाली र महाकाली मुख्य नदी हुन्। आर्य जातिको एक हाँगा खस जाति, कासगार कालो समुन्द्र हुँदै काश्मि, गडवाल, मानसरोव हुँदै नेपालमा पश्चिमबाट पूर्वीतर्फ लागेका हुन्। साथै पूर्वतिरबाट टेविटो बर्मन परिवारका राई, लिम्बु, किराँत जाति पूर्वबाट पश्चिमबाट सर्दै गएका हुन्। यी दुई मुख्य जातीको नेपालमा बसोबास रहेको छ। यहाँ अरु धेरै जातिहरु पनि बसोबास गर्दै आइरहेका छन्। यो देश बहुआयामिक बुहजाति र बहुभाषिक नेपाल भएको छ। त्यतिबेला किराँतहरु उपत्यकामा बसोबास गर्दथे। त्यसपछि उपत्यकामा यादवहरु आए र उनीहरुले शासन गरे। मञ्जुश्री नामका एक बौद्ध धर्मावलम्बी पनि यहाँ आए। लिच्छवीहरु पनि आए। यहाँ उनीहरुले आ आफ्नो विभिन्न कला संस्कृति छोड्ने काम गरे। खास गरेर मल्लकालीन नेपाल ज्यादै उन्नत र समृद्धशाली थियो। भारतमा मुसलमानहरुले ठुलो आक्रमण गरे। त्यस आक्रमणपछि त्यहाँबाट भागेर आएका राजपुतहरुबाट नेपालमा शाहवंशको स्थापना भयो। तत्कालीन गोरखाका राजा पृथ्वीननरण शाहले ससाना टुक्रामा विभाजित बाइसे, चौविसे राज्यहरुलाई एकीकरण गरे। पछि उपत्यकाका तीन मल्ल राजाहरुलाई जिते र काठमाडौँलाई राजधानी बनाए। त्यतिबेला नेपाल हालको रुपमा विस्तृत एवं भएको सुनौली सन्धि पश्चात् नेपालले आफ्नो नेपालले आफ्नो सम्पूर्ण भूभागको एक तिहाई भाग छोड्नु पर्‍यो।

शाहवंशीय राजाहरुको पालामा राजदरबरमा षडयन्त्रको कारण जंगबहादुरले विरोधी भारदारहरुको हत्या गरे र आफ्नो पुस्तालाई मात्र राज्यसत्ताको रोलक्रममा राखे र राजालाई समेत माइनस गरे र एकतन्त्रीय हुकुमी राणा शासन गरे। १०४ वर्ष सम्म राणाहरुले पालैपालो देशको कार्यकारी प्रधानमन्त्री चलाएर राज्यकोषको व्यापक दोहन गरे। देश विकासमा कुनै ध्यान दिएनन्। अंग्रजीहरुलाई खुशी पार्न उनीहरुले गोर्खालीलाई बेलायती सेनामा भर्ना दिए र उनीहरुलाई सधैँ खुशी राख्ने प्रयत्न गरे र एकलौटी हुकुमी राज्य चलाए। भारत त्यसबेला अंग्रजीहरुको उपनिवेश थियो। तर विस्तारै भारतमा देशभक्तिको भावना जागृत हुदै गयो। न्बलमजष को ल्यल अयचउयभचबतष्यल ञ्यखभ्रुभलत तथा अरु कारणहरुले अंग्रेजहरुले सन् १९४७ मा भारतलाई स्वातन्त्रता दिए। यसैबेला भारतमा पढिरहेका र नेपालभित्र जागरुक युवाहरले राजनैतिक पार्टी खोली राणाशाही विरुद्ध आन्दोलन गरे। आन्दोलनमा केही सहिद पनि भए। आन्दोलन बढ्दै गयो। बिक्रम सम्वत २००७ सालमा नेपाली काँग्रेसले राजा त्रिभुवनले देश छोडेर भारत गएको बेलामा राणाशाही विरुद्ध सशस्त्रश क्रान्ति शुरु गरे। आखिरमा सम्झौता भयो। त्रिभुवन नेपाल फर्के। राणा, र नेपाली कांग्रसको संयुक्त सरकार बन्यो। श्री विश्वेश्वर प्रसाद कोइराला गृहमन्त्री भए। गोरखा दल बनाएर यसको धेरै विरोध पनि भयो। प्रधानमन्त्री भए। गोरखा दल बनाएर यसको धेरै विरोध पनि भयो। प्रधानमन्त्रीत्वमा सरकार गठन भयो। मुख्यत : जनताले चाहेको जस्तो काम सरकारहरुले गरेर देखाउन सकेनन्। राजनैतिक पार्टीहरुमा आपसमा खिचातानी भइरह्यो। यत्तिकैमा राजा त्रिभुवानको स्वर्गारोहण भयो। महेन्द्र राजा भए। उनले विभिन्न पार्टीहरुलाई सरकार बनाउन दिए। कुनै सरकारले पनि चुनाव गराउन सकेनन्। आखिरमा सुवर्ण शमशेरको सरकारले २०१५ सालमा चुनाव गरायो। नेपाली काँग्रेसले दुई तिराई मत प्राप्त गर्‍यो। विश्वेश्वर प्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा नयाँ सरकार बन्यो। परिवर्तन समयमा जनताले गरेको आशा अनुसार कुनै राम्रो उन्नति, प्रगति भएन। राजा महेन्द्रले निर्वाचित प्रधानमन्त्री विपी कोइराला लगायत सबै पार्टीका नेताहरुलाई जेल हालेर पंचायती व्यवस्थाको शुरुआत गरे। पंचायती सरकारले आफुलाई प्रजातान्त्रिक व्यवस्था भने पनि त्यस बेला प्रजातान्त्रिक अधिकारहरु थिएनन्। देशमा अमन चैन र शान्ति सुरक्षा थियो तर अपेक्षाकृत आर्थिक, सामाजिक, राजनैतिक, उन्नति देखिए। राजा महेन्द्र र राजा विरेन्द्र राष्ट्रियता जोगाएर राखे। प्रजातान्त्रिक पार्टीहरुको विकास र आर्थिक विकास हुन सकेन। विरेन्द्र बिक्रम सम्बत सम्बत २०४६ सालको आन्दोलनपछि पञ्चायती व्यवस्था खारेज गरी बहुदलीय व्यवस्थाको शुरु गरे। बहुदलवादी पार्टीहरु पनि आपसमा खिचातानी, नेताहरुको अदूरदर्शी र अव्यवहारिक व्यवहारबाट माओवादी पार्टी जन्मियो र दश वर्षसम्म सशस्त्र आन्दोलन गरे। यसको कारण मानिसमा राजनीतिक चेतना बढे पनि समग्रमा देश अधोतितिर गयो। माओवादीले पनि आफ्नो लक्ष्य, दृष्टिकोण, र जनचेतना गाउँगाउँसम्म पुर्‍यायो। तैपनि क्रान्ति पूर्ण रुपमा सफ भएन। माओवादी बहुदलवादीसँग १२ बुदे सहमति गरी उनीहरु पनि प्रतिस्पर्धात्मक राजनीतिमा प्रवेश गरे। देशमा क्रमश : शान्तिको वातावरण छाउँदै गयो। २०६२/०६३ को संयुक्त जनआन्दोलनले राजा ज्ञानेन्द्रको पालामा राजसंस्थाको अन्त्य भयो। तत्कालीन राजा विरेन्द्रको दरबारकाण्डमा वंश नाश भएपछि ज्ञानेन्द्र राजा भएका थिए। अग्रगामी संविधान बनाउनका लागि देशमा पहिलो संविधानसभाको चुनाव गरियो। यस चुनावमा नेकपा माओवादी सबैभन्दा ठूलो पार्टी भयो। उसले सरकारले नेतृत्व पनि गर्‍यो तर संविधान बनाउन सकेन उस पश्चात् देशमा दोश्रो संविधानसभाको चुनाव भयो।

काँग्रेस सबेभन्दा ठुलो दलको रुपमा उदायो। काँग्रेस, एमाले र अन्य केही साना दलहरु मिलेर गठबन्धन सरकार बनाए। अवचाँहि संविधान बन्ला कि भन्ने आशा


सूर्यनाथ बास्तोला

पलाएको छ। नेपाल गणतन्त्र त भयो। तर गणतान्त्रिक संविधान बनेको छैन। संविधानसभा दलगत विवादमा नराम्ररी अल्झिएको छ। आशा गरौँ अव चाँडो गणतन्त्र नेपालको संविधान बन्नेछ र हामी नेपालीहरुले लामो समय देखि आफ्नो अधिकारको लागि गर्दै आएको भैरहेको छ। नेपालले पनि यही मैका छोपी आफ्नो आर्थिक विकासमा आधारहरु जलश्रोतको विकास, कृषि विकास, टरिजमको विकास, मनाव संशाधनको विकास गरी अधिकतम् फाइदा उठाउनु सक्नु पर्छ। यो नेपालीको लागि मौका हो।

अमेरिका क्यानाडाको बसाई

नेपालमा नेकपा माओवादीको सशस्त्र विद्रोहले समाज अस्तव्यस्त र आक्रान्त थियो। अन्य राजनीतिक दलहरु एवं तिनका भातृसंगठनहरुको आन्दोलन पनि त्यत्तिकै चर्किरहेको थियो। यही अवधिमा मेरा दुवै छोरीहरु सपरिवार अमेरिका र क्यानडामा बसोबास गर्दछन। उनीहरु बारम्बार उता आउन आग्रह गरिरहेका थिए। हामी यसै समयमा अमेरिका गयौ। मुख्यत : सन् २००० देखि २०१५ सम्म हाम्रो बसाई अमेरिका क्यानडामा नै भयो। जेठो छोराको नोकरी काठमाडौँमै भएकोले उसले यही घरजम गरेर बसेको हुनाले यसबिचमा पटक पटक यता अउाने काम पनि भइरह्यो। कान्छो छोरो अमेरिकामा पढ्दै थियो।

*क्रमशः*

## गजल



हिमाल बोलाउछ, तिमी आउदैनौ।
पाहाड टोलाउछ, तिमी धांउदैनौ।

विखण्डन वादको, नारा घन्काउदै,
तराई मौलाउछ, तिमी भ्याउदैनौ।

प्यारो हिमाल पहाड, तराईलाई,
दुश्मन खेलाउछ, तिमी पाउदैनौ।

नेपाली पहिरन, राष्ट्रिय पोसाक,
सत्रुले के लाउछ, तिमी लाउदैनौ।

सयौं थुंङ्गा फुलका, हामी नेपाली हौ,
पराई के गाउछ, तिमी गाउदैनौ।

दुर्गा अधिकारी भमरकोटे।

# चेपाङ वस्तीमा सहयोग

**डीलकुमारी नेपाल**

चितवन। मसिर १ भरतपुरमा कियर ईन्टरनेशनल एलएल सी र रेजिना श्रेष्ठ परिवार वुवा आमा बहिनी ईन्दिरा श्रेष्ठ तथा विना श्रेष्ठको परिवारको तर्फबाट भाईको जन्मदिनको अवसरमा चेपाङ गाउँबस्तिका संरक्षण केन्द्रलाई सहयोग गरेका छन्। उनीहरुले त्यसैगरी पहिला पनि सहयोग गदै आएको बताएका छन्।

समाजसेवी रिता ढकालले उहाँहरुले विगतमा पनि विभिन्न क्लबहरुलाई सहयोग गर्दै आएको कार्यक्रम बताएकी थिइन्। उनीहरुले चामल दाल, चना, केराउ, तेल, चिनी, चिउरा, भुजा, चिया पति, बिस्कुट, नुन, केराउ, आलुलगायत बच्चाहरुलाई कपडा सहयोग गरेका थिए। गाउँबेसी चेपाङ संरक्षणकेन्द्रका केपी किरण आफु बिदेश गैई दुख पाई आएको र गाउँमा पनि यी बालबालिकाको अभिभाबक बनेर काम गर्ने नयां सोच लिएर केही बालबालिकाको हितको लागि आफुले काम गदै आएको र आज यति धेरै बालबालकिाको मुहार हेर्ने पांउदा आफुलाई गर्वान्वित ठान्दै उनले भनिन् आज यति धेरै बालबालिकाको हरेक शिक्षादिक्षामा कुनै कमी नभएको पनि उनले बताइन्। समाजमा यस्ता सहयोगी मानबहरुले नै गरीबहरुमा पृथक रुपमा सम्मान पाउने धारण ज्योति रानाभाटले बताइन्।

# १३ औ सागको खेलकुद प्रतियोगितमा टेवलटेनिस खेलको तयारी पुरा

आगामी मंसीर १६ गतेदेखि काठमाण्डौमा हुने १३औं साग खेलकुद प्रतियोगिता अर्न्तगत टेवलटेनिस खेलको लागि तयारी पुरा भएको छ।

निर्धारित समयमानै खेलकुद गराउन त्यस क्षेत्रको उपभोक्ता समिति राष्ट्रिय



खेलकुद परिषद्का बोर्ड सदस्य एवम् प्रदेश नम्बर ३ का संयोजक सुदिल शाहीलगायत सम्बन्धित पक्षले समयमा नै टेबलटेनिस हल निर्माण सम्पन्न गरेर उदाहरण पेश गरेका छन्।

# इञ्जा अन्तराष्ट्रिय पत्रकारिता पुरस्कारबाट पत्रकार शिवाकोटी पुरस्कृत

काठमाडौ। नेपाली पत्रकारहरुको अन्तर्राष्ट्रिय सञ्जाल (इन्जा)ले इञ्जा अन्तराष्ट्रिय पत्रकारिता पुरस्कारबाट पत्रकार अजयबाबु शिवाकोटीलाई पुरस्कृत गरेको छ।

इञ्जा एसियाले शुक्रबार काठमाडौंको लेखनकुञ्जमा गरेको एक कार्यक्रममा वरिष्ठ मानवअधिकारकर्मी कृष्ण पहाडी , इञ्जा एसियाका अध्यक्ष एवं वरिष्ठ पत्रकार टंक पन्त र पत्रकार महासंघका पूर्व सभापति तारानाथ दाहालले पुरस्कृत पत्रकार शिवाकोटीलाई एक हजार डलर नगदसहित प्रशंसापत्र हस्तान्तरण गर्नुभयो।




पत्रकारिता क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याएबापत शिवाकोटीलाई सो पुरस्कार प्रदान गरिएको हो। वरिष्ठ मानवअधिकारकर्मी पहाडीले नेपाली मिडियाले प्रेस स्वतन्त्रता , मौलिक हक, लोकतान्त्रिक आन्दोलनका लागि सबै भन्दा प्रभावकारी भूमिका खेलेको उल्लेख गर्नुभयो। प्रेस स्वतन्त्रबिना लोकतन्त्र, गणतन्त्रको विकास हुन नसक्ने भन्दै पहाडीले मानव अधिकार र प्रेस स्वतन्त्रता हनन हुने अवस्था आउन नदिन अहिले पनि खबरदारीको आबश्यकता रहेको औंल्याउनुभयो।

संसारभर छरिएका नेपाली पत्रकारहरुको साझा सञ्जाल(इन्जा) को मूख्यालय अमेरिकाको भर्जिनियामा रहेको छ भने एसिया, युरोप, अष्ट्रेलिया र अमेरिकामा यसका महादेशीय शाखाहरु क्रियाशील रहको जानकारी गराउदै इञ्जा एशियाका अध्यक्ष बरिष्ठ पत्रकार टंक पन्तले इन्जाले आफ्ना कार्यक्रमहरु कार्यान्वयन गर्न नेपाली पत्रकारहरु कार्यरत सबै देशमा फ्रेण्डस अफइन्जा गठन गरेको जानकारी दिनुभयो। उहाँले प्रेस स्वतन्त्रता र मानव अधिकारको पक्षमा कामगर्ने अन्य संस्थाहरुसँग सहकार्य समेत गर्दै आएको बताउनुभयो।

इञ्जाले प्रेस स्वतन्त्रताको पक्षमा वकालत र पहरेदारी सँगँगै इन्जाले मर्यादित र विश्वसनीय पत्रकारितामा समेत जोड दिदै आएको अध्यक्ष पन्तले बताउनुभयो। नेपाली पत्रकारहरुका व्यवसायिक विकासका लागि आवश्यकता अनुसार तालिम, सामग्री र भ्रमणहरु समेत उपलव्ध गराउंदै आएको इन्जाले कानुनी राज्य स्थापनामा सहयोग पुग्ने गरी खोजमुलक उत्कृष्ट समाचारहरु सम्प्रेषण गर्ने पत्रकारहरुलाई प्रोत्साहन दिन यस वर्षदेखि इन्जा अन्तर्राष्ट्रिय पत्रकारिता पुरस्कार प्रदान गर्ने नीति लिएको उहाँले जानकारी दिनुभयो।

नेपाली पत्रकारहरु र व्यवसायिक तथा मर्यादित पत्रकारिताको विकासका लागि इन्जाले नोभेम्भर १७अर्थात मंसिर २ गते अमेरिकाको भर्जिनियामा नेपाली पत्रकारितामा सहयोग गरौं भन्ने बिशेष कार्यक्रम समेत गर्न लागेको जानकारी पनि अध्यक्ष पन्तले गराउनुभयो। पुरस्कृत पत्रकार हाम्राकुरा डटकमका प्रधानसम्पादक अजयबाबु शिबाकोटीले आफूले पहिलो पटक पाएको पुरस्कारले थप जिम्मेवार हुन प्रेरित गरेको बताउनुभयो। उहाँले प्राप्त गरेको एक हजार डलर पुरस्कारको राशी मध्ये २५ हजार नेपाली रुपैयाँउपचारका क्रममा हालै मृत्यु भएका युवा पत्रकार डिलप्रसाद शर्माको परिवारलाई हस्तान्तरण गर्ने घोषणा गर्नुभएको थियो।

कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्व सभापति इञ्जाका सल्लाहकार तारानाथ दाहाल , लेखन कुञ्जका अध्यक्ष कमल ढकाल , ग्रिनसिटी अस्पतालका अध्यक्ष लोकबहादुर टण्डन , इञ्जाका एसियाका महासचिव दीपेन्द्र दोङ तामाङले सरकार जति मिडियाप्रति उदार हुन्छ त्यति नै लोकतन्त्र , गणतन्त्र र प्रेस स्वतन्त्रताका लागि सहयोग पुग्ने उल्लेख गर्नुभयो। कार्यक्रममा पत्रकार महासंघका उपसभापति दिलिप थापा , सचिव रामप्रसाद दाहाल , संसद्धीय मामिला पत्रकार समाजका उपाध्यक्ष कृष्णा पौडेल , इञ्जाका सल्लाहकार किस्मत भण्डारी लगायतले पुरस्कृत पत्रकारलाई बधाइ दिनुभएको थियो।

Green Hut Lounge
&
Cafe with Banquet
तपाईहरुको सेवामा सधैं समर्पित छ।

स्वच्छ, सफा, पारिवारिक आनन्दमा
बसेर सेवा लिन सक्नु हुनेछ।
स्थान: चण्डोल चोक, काठमाडौं

सम्पर्क नम्बर:०१-४४३४११३

## नेपाल र ...

दलहरु सम्मिलित बैठक प्रधानमन्त्री निवास बालुवाटारमा सबैले एउटै धारणा राखेका थिए । यो नेपालीहरु कुनै बेला बुद्धि बिग्रेका भएपनि राष्ट्रियताको सवालमा एक ढिक्का हुन्छन् भन्ने सन्देश विश्व जगतमा एकपटक उजागार भएको छ । पृथ्वीनारायण शाहले अँग्रेज फौजलाई धुलिसात हान्न नेपालीहरुमा यस्तै जागरण ल्याएका थिए ।

त्यसैगरी नेपालीहरुको देशभक्ति जागरण यतिबेला उठेको छ । अझै उठ्दैछ । काठमाडौं शहर र केही शहरहरुमा भारतले सिमा मिच्यो भनेर आन्दोलन उठेका छन् भने गाउँगाउँमा भर्खरै मात्र त्यो समाचार पुग्दैछ गाउँगाउँबाट कुटो, कोदालो, हँसिया, बन्चरो, हातमा जे जे छ त्यही बोकेर भारतविरुद्ध लड्न नेपालीहरु पटुका कस्दैछन् ।

प्रधानमन्त्रीले नेपालको भूमी भारतीयले प्रकाशन गरेको नक्शा त च्यातेर नयाँ नक्शा प्रेसमा छाप्न सकिन्छ तर त्यो भन्दा महत्वपूर्ण नेपाली भूमिमा बसेका भारतीय सेनालाई फिर्ता पठाएर नेपाली सेना राख्ने उद्घोष गरिसकेका छन् । यो नेपाली देशभक्तिको एउटा उदाहरण बनेको छ ।

### के हुँदैछ कुटनीतिक पहल

गौतमबुद्धको जन्मभूमिका नेपालीहरु कहिल्यै कसैको मन दुखाउन चाहादैनन् । तर त्यो सँगसँगै बीर गोर्खाली संस्कारबाट हुर्केका नेपालीहरु आफ्नो मातृभूमिको लागि बैरीलाई तह लगाउन निक्कै सिपालु छन् । सकभर कुटनीतिक पहलबाट नेपालको गुमेको भूभाग ससम्मान भारतले फिर्ता गरोस् भन्ने नेपालीहरुको चाहना छ । तर त्यो भारतले बुझेन भने नालापानी युद्धलाई विर्साउने युद्ध नहोला भन्न सकिँदैन ।

### विगतको युद्ध र अहिलेको भिन्नता

विगतमा पनि नेपालीहरुसँग ब्रिटिस इस्ट इन्डिया कम्पनीसँग जस्तो हातहतियार नेपालीहरुसँग थिएन । अहिलेको आधुनिक युगमा पनि भारतसँग जतिको आधुनिक हतियार नेपालसँग छैन । तर भारतसँग लड्न सक्ने मनोबल भने नेपालीहरुसँग छ । युद्धको स्थिति नै आइलाग्यो भने विश्वभरी छरिएर रहेका आठ करोड नेपाली नै नेपालको रक्षाको लागि बीर गोर्खालीसेना बन्नेछन् र भारतलाई सदाको लागि सबक सिकाउनेछन् युद्ध नै भएपछि क्षति धेरथोर हुन्छ नै ।

### नेपालमा उठ्ने गरेको राष्ट्रवादी आन्दोलन

कुनैकुनै बेला नेपालमा सरकार ढाल्न र बनाउन पनि भारतीय विस्तारवाद मुर्दावाद, अमेरिकी साम्राज्यवाद मुर्दावादको नारा लगाएर छिटपुट आन्दोलन गरेर सत्ता फेरबदल गर्न प्रयोग गर्ने गर्छन् त्यस्तो प्रबृत्तिको आन्दोलनलाई राष्ट्रवादी आन्दोलन मानिदैन ।

राष्ट्रवादी आन्दोलन आफ्नो देशको तथ्य आफ्नो देश र जनताको पक्षमा नभएर देश र जनतालाई हानी नोक्सानी पुग्दैछ भने त्यसका विरुद्ध तथ्य संगतको आधारमा गर्ने आन्दोलन नै वास्तविक राष्ट्रवादी आन्दोलन हो भने राष्ट्रवाद अरुलाई गाली गर्नुमात्र होइन राष्ट्रवादी नेतृत्व भएको देशमा आफ्नो देश र जनतालाई चाहिने हरेक चिज वस्तुहरु आफ्नै देशमा उत्पादन गरेर आत्मनिर्भर बन्ने बनाउने व्यवस्थालाई वास्तविक राष्ट्रवादी शासन भनिन्छ । त्यस्तो शासन नेपाली जनताले नेपालमा चाहेका छन् ।

## सबैभन्दा ...

नेपालको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउन हौसला मिलेको छ ।'

जीवन बीमा कम्पनीहरूमध्ये करिब एक तिहाई बजारहिस्सा ओगटेको यस कम्पनीको चुक्तापूँजी जीवन बीमा क्षेत्रकै सर्वाधिक रू. ५ अर्ब ५० करोड रहेको छ भने लगानी रू. ७८ अर्ब ६८ करोड रुपैयाँ रहेको छ । त्यस्तै, कम्पनीको जीवन बीमा कोष ७२ अर्ब ३३ करोड रुपैयाँ र शेयरधनी कोष ८ अर्ब ५७ करोडभन्दा बढी रहेको छ । कम्पनीले यस आर्थिक वर्षको पहिलो चार महिनामा जम्मा रू. ९ अर्ब ६२ करोड बीमा शुल्क संकलन गरेको छ । १ लाख ३५ हजार ६ सय १० प्रशिक्षित अभिकर्ता रहेको यस कम्पनीले आफ्ना सेवाग्राहीहरू तथा ग्राहकहरूका लागि हालसम्म देशभर फैलिएका १ सय ९४ शाखा तथा उप शाखाहरू मार्फत जीवन बीमासम्बन्धी सम्पूर्ण सेवा उपलब्ध गराइरहेको छ ।

हालसम्म स्वदेश र विदेश गरी २६ लाख ६९ हजार ८ सय ८६ व्यक्ति यस कम्पनीमा बीमित भइसकेका छन् । ग्राहकहरूको हितलाई ध्यानमा राखी यस कम्पनीले समयसापेक्ष आवश्यक थप सेवा तथा सुविधाहरूसमेत उपलब्ध गराउँदै जाने प्रतिबद्धता व्यक्त गरेको छ ।

## क्यान्सर ...

व्यवस्था गरिएको छ । बिरामीले यस अघि पालो नपाएर निजी अस्पतालमा भर्ना हुनुपर्ने बाध्यात्पक अवस्था थियो । विस्तारित स्वास्थ्य सेवाका लागि दिउँसो २:३० बजेबाट टिकट काटिने व्यवस्था मिलाइएको छ । अस्पतालका कार्यकारी निर्देशक डा. विजयचन्द्र आचार्यका अनुसार विहान ७:०० बजेबाट दिउँसो २:३० बजेसम्म बहिरङ्ग टिकट र त्यसपछि स्वास्थ्य सेवाको विस्तारित टिकट प्रणाली शुरु हुनेछ । रेडियोलोजि र प्याथोलोजीमा थप शुल्क नलाग्ने र विस्तारित सेवाको सुविधा अनुसार रेडियो थेरापीमा २५ प्रतिशत बढी शुल्क लाग्नेछ ।

४५ हजारमा शल्यक्रियाको विस्तारित सेवा प्राप्त हुने र निजी अस्पतालमा २ लाख सम्म शुल्क खर्च लाग्नेछ । अस्पताल सञ्चालनमा आएका बखत यहाँका कर्मचारी र चिकित्सकलाई आकर्षक तलब सुविधाको प्याकेज सुनाइएको थियो । विचमा धेरै प्रशासनमा कार्यरत कर्मचारी र चिकित्सकहरु सेवा सुविधाबाट वन्चित भएको गुनासो आएको र त्यसपछि चिकित्सकहरुको लस्करले निजी अस्पताल खोलेको चर्चाको विषय बनेको छ । हाल चौविसकोठी देखिको दायाँ बायाँ मालपोत चोक एरियासम्म १०० को हाराहारीमा निजी अस्पताल खोलिएका छन् । जसबाट क्यान्सर अस्पतालमा बिरामी प्रदान गरिने स्वास्थ्य सेवा प्रभावित हुँदै आएको छ ।

क्यान्सर अस्पताल धेरै वर्ष अघिदेखि राजनीतिक ग्रसित बन्दै आएको छ । योग्य र यसको अनुगमन र निरीक्षण निरन्तर रुपमा गरिनुपर्ने हुन आउँछ । क्यान्सर अस्पताल दक्षिण एशियाकै नमुना अस्पताल हो । मित्रराष्ट्र चिनले भौतिक र अन्य प्राविधिक सामाग्रीले भरिपूर्ण गराएको अस्पताल भएकाले यसको राज्यले गम्भीर रुपमा ध्यान दिन जरुरी देखिएको अवस्था छ । यसको प्रयोजनका लागि क्यान्सर अस्पताल राजनीतिबाट मुक्त हुन जरुरी छ ।

## यस्तो छ प्रभु बैंक लि. ले जारी गरेको डिबेञ्चर बाँडफाँड

काठमाडौं । प्रभु बैंक लि. ले रु. १,०००।- अंकित दरको १० वर्षको भुक्तानी अवधि भएको वार्षिक १०.२५ प्रतिशतका दरले अर्ध वार्षिक रुपमा ब्याज भुक्तानी हुने गरी जारी गरेको रु. १ अर्ब बराबरको "१०.२५% प्रभु बैंक डिबेञ्चर-२०८६" ऋणपत्र (Debenture) मिति २०७६/०७/२१ देखि सार्वजनिक निष्काशन गरिएकोमा मिति २०७६/०७/२९ मा बाँडफाँड गरिएको छ । न्यनुतम २५ कित्ता र अधिकतम् ४,००,००० कित्तासम्मको लागि आवेदन गर्न पाउने प्रभु बैंक लि. को ऋणपत्रलाई ICRA-NEPALले न्युनकर्जा जोखिम"ICRA-NEPAL LBBB" रेटिङ्ग प्रदान गरेको थियो ।

प्रभु बैंकले ४० करोड रुपैयाँ बराबरको ४० लाख कित्ता ऋणपत्र सर्वसाधारणहरुमा सार्वजनिक निष्कानको माध्यमबाट तथा ६० करोड रुपैयाँ बराबरको ६० लाखकित्ता ऋणपत्र परिपत्र विधिबाट संस्थागत/व्यक्तिहरुलाई विक्रीकालागि छिटोमा मिति२०७६/०७/२५ र ढिलोमा मिति २०७६/०८/२० माबन्दहुने गरी मिति २०७६/०७/२१ देखि सार्वजनिक निष्काशन गरिएकोमा विक्री अवधि समाप्त हुनु अगावै सार्वजनिक निष्कासन गरिएको बराबरको ऋणपत्र खरिद गरिदिनु भएकोमा सम्पूर्ण डिबेञ्चर धनी महानुभावहरुलाई प्रभु बैंक हार्दिक आभार प्रकट गर्दछ ।

## बढी शुल्क फिर्ता नगरे ठगी मुद्दा चलाउने सरकारको चेतावनी

काठमाडौं- सरकारले तोकेको भन्दा बढी शुल्क लिएका मेडिकल कलेजहरुलाई शुल्क फिर्ता वा समायोजन गर्न शिक्षा मन्त्रालयले १५ दिनको अन्तिम अल्टिमेटम दिएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले सरकारले तोकेको भन्दा बढी शुल्क लिएर फिर्ता नगर्ने मेडिकल कलेजलाई १५ दिनभित्र शुल्क फिर्ता वा समायोजन गर्न अल्टिमेटम दिएका हुन् ।

मन्त्री पोखरेलले सोमबार मन्त्रालयमा पत्रकार सम्मेलन गर्दै अबको १५ दिनभित्र मेडिकल कलेजले विद्यार्थीसँग लिएको बढी शुल्क फिर्ता वा समायोजन नगरे गठी मुद्दा चलाउने निर्णय भइसकेको जानकारी दिए ।

मन्त्री पोखरेलले शिक्षा मन्त्रालयले त्रिभुवन विश्व विद्यालयक, काठमाडौं विश्वविद्यालय, चिकित्सा शिक्षा आयोगका पदाधिकारीसँग मन्त्रीस्तरीय बैठक गरेर १५ दिनसम्म शुल्क फिर्ता वा समायोजन नगरे ठगी मुद्दा चलाउने निर्णय भएको बताए ।

'म मेडिकल कलेज चलाउने सबै साथीहरुलाई के भन्न चाहन्छु भने हिजो संक्रमणमा जेजे भए, अब चिकित्सा शिक्षा ऐन आइसकेपछि ऐन कार्यन्वय र क्याविनेटले गरेका निर्णयको सन्दर्भमा हामी आफ्नो भुमिका खेलिरहेका छौं सबैलाई आफ्नो भूमिका लेख्न पनि आग्रह गरेका छौं,' मन्त्री पोखरेलले भने, 'यो आग्रह गरेपछि पनि उहाँहरुले मिलाउनु भएन भने निश्चित रुपमा विद्यार्थी र अभिभावकले दिएका निवेदनहरुमाथि कार्यन्वयनको प्रक्रियामा जान्छ ।'




रामेछापको गोकुलगंगा गाउँपालिकामा बर्सेनी गैरहने पहिरो ।



रामेछापको रामेछाप नगरपालिका भंगेरीमा रहेको एतिहासिक मन्दिर ।

तपाइलाई कुनै फर्निचरका सामानहरु चाहिएको छ ?
हामीलाई सम्झनुहोस्
afn sGof kmlgf{ / pBf]u
मन्थली–१, रामेछाप
यहाँ फर्निचरका सम्पूर्ण सामाग्रीहरु पाइन्छ जस्तैः टेबल, कुर्सि, सोफाका साथै अफिस र पसलको सम्पूर्ण डेकोरेशन गरिन्छ । अर्डर अनुसारको घर तथा अफिसको सम्पूर्ण सामान उपलब्ध गराइन्छ ।
प्रो. खुम्ब बहादुर श्रेष्ठ
मोबाइलन नं.: ९८५४०४०२१२, ९८४४२६७२१२ ९८६४२३७२३५




जनआकाश मिडिया प्रा.लि.का लागिः प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस